# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## फिक्कल गाउँपालिका, सिन्धुली

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation*
# *and*
# *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री फिक्कल गाउँपालीका,
सिन्धुली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६।०७७ मिति : २०७६।०३।२५
च.नं : ९२८
श्री प्रमुखज्यू,
फिक्कल गाउँपालिका,
सिन्धुली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले फिक्कल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ६३ लाख ६७ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२६ लाख १७हजार, नियमित गर्नुपर्ने रु.४६ लाख७६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ६१ लाख ३४ हजार र पेश्की रु. २९ लाख ४० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना सत्ताइस (२७) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# फिक्कल गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**निकायको परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्देश्य रहेको छ। वागमती प्रदेशमा अवस्थित यस गाँउपालिका अर्न्तगत वडा संख्या ६, गाउँसभा सदस्य ३४, १८५ व.कि.मी. क्षेत्रफल, १६,९६६ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष –** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :–

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | **१९०९६४३७।४३** | **१** | **खर्च** | **३५१८७३६३७।९१** |
| | क) बैंक मौज्दात | १६४०७१०१।४३ | क | गाउँपालिका चालु | ४५०८०९०३।१४ |
| | ख) दैवी प्रकोप उद्धार विशेष कोष | ५०००००।०० | ख | केन्द्रिय सशर्त अनुदान | १२६८६८८३५।०० |
| | ग) मर्मत संभार कोष | २०१९११६।०० | ग | गाउँपालिका पुँजिगत | १०८६३५३३७।७७ |
| | घ) कर्मचारी कल्याण कोष | १७०२२०।०० | घ | राजस्व बाँडफाड संघ | १२००२००।०० |
| **२** | **आन्तरिक आय** | **१४२३०९००।५२** | ङ | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ८३९५९३२।०० |
| | क) व्यक्तिगत घटना दस्तुर | ३१०००।०० | च | प्रधानमन्त्री रोजगार कार्यक्रम | २०५८९७७।०० |
| | ख) सिफारिस दस्तुर | ३७४४४८।०० | छ | जेष्ठ नागरिक र सामाजिक सुरक्षा | २२८४६८००।०० |
| | ग) नक्सा पास दस्तुर | ४२०००।०० | ज | गरिवसँग विश्वेश्वर | ५१९४०००।०० |
| | घ) घर जग्गा रजिष्ट्रेशन दस्तुर | ११९८३९४।७० | झ | प्रदेश र स्थानीय तह क्षमता विकास | ३०५०००।०० |
| | ङ) अन्य कर | १६३४९५।०० | ञ | एम्बुलेन्स खरिद | १६०००००।०० |
| | च) व्यवसाय दर्ता तथा नवीकरण दस्तुर | ४२७९४७।०० | ट | प्रदेश सशर्त अनुदान (पुँजीगत) | १५००००००।०० |
| | छ) भुमी तथा मालपोत कर | ८१२०९०।८६ | ठ | प्रदेश सशर्त अनुदान (चालु) | १००३७७०१।०० |
| | ज) नाता प्रमाणित दस्तुर | १५५२०।०० | ड | आन्तरिक आयतर्फ प्रदेश पठाईएको | १२००२००।०० |
| | झ) अन्य दस्तुर | २०९६२५५।५४ | ढ | मर्मत संभार कोष | २१५५४१०।०० |
| | ञ) बेरुजु | ८६३७८४०।२८ | ण | दैवि प्रकोप कोष | ४१३०००।०० |
| | ट) दहत्तर बहत्तर शुल्क | १२४४०००।०० | त | झोलुंगे पुल | ४३६३४२।०० |
| **३** | **वित्तीय हस्तान्तरण केन्द्र** | **२५४६३९४६५।८३** | थ | धरौटी फिर्ता | ४४५०००।०० |
| | क) वित्तीय समानीकरण अनुदान | ६८८००००००।०० | **२** | **को.ले.नि.का.मा निकासा फिर्ता** | **१३९४३४१३।६०** |
| | ख) सशर्त अनुदान | १३८१९१३८८।६० | | क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | ४९७२००।०० |
| | ग) राजस्व बाँडफाँड | ४७६४८०७७।२३ | | ख) सशर्त अनुदान (संघ) | ११२३६१८८।६० |
| **४** | **प्रदेश सरकारबाट अनुदान** | **५०४९७४७३।९०** | | ग) गरिवसँग विश्वेश्वर कार्यक्रम | २०००००।०० |
| | क) वित्तीय समानीकरण अनुदान | ७७०५०००।०० | | घ) झोलुगेपुल | ४६३६५८।०० |
| | ख) सशर्त अनुदान | २६५८००००।०० | | ङ) स्थानीय पूर्वाधार विकास | ४०६८।०० |
| | ग) एम्बुलेन्स खरिद | १६०००००।०० | | च) सशर्त अनुदान पुँजीगत(प्रदेश) | १५००००।०० |
| | घ) राजस्व बाँडफाँड | १४६१२४७३।९० | | च) सशर्त अनुदान चालु (प्रदेश) | १३९२२९९।०० |
| **५** | **अन्तर सरकारी वित्तिय अख्तियारी** | **४०४०१९७७।००** | **३** | **बैंक मौन्दात** | **१५५७५८०९।१७** |
| | क) स्थानीय पूर्वाधार विकास साझेदारी | ८४०००००।०० | | क) संचित कोष खाता | १३३७३२७७।१७ |
| | ख) प्रधानमन्त्री रोजगार कार्यक्रम | २०५८९७७।०० | | ख) धरौटी खाता | २७४५४०।०० |
| | ग) गरिवसँग विश्वेश्वर | ५३९४०००।०० | | ग) दैवी प्रकोप उद्धार विशेष कोष | ५८७०००।०० |
| | घ) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | २३३४४०००।०० | | घ) मर्मत संभार कोष | ९२५७७२।०० |
| | ङ) झोलुगें पुल | ९०००००।०० | | ङ) कर्मचारी कल्याण कोष | ४१५२२०।०० |
| | च) प्रदेश र स्थानीय तह क्षमता विकास | ३०५०००।०० | | | |
| **६** | **धरौटी** | **७१९५४०।००** | | | |
| **७** | **विविध कोष तर्फको आम्दानी** | **१८०७०६६।००** | | | |
| | क) कर्मचारी कल्याण कोष | २४५०००।०० | | | |
| | ख) दैवीक प्रकोप उद्धार विशेष कोष | ५०००००।०० | | | |
| | ग) मर्मत संभार कोष | १०६२०६६।०० | | | |
| | **जम्मा** | ३८,१३,९२,८६०।६८ | | **जम्मा** | ३८,१३,९२,८६०।६८ |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्ष श्रावण १ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । गाउँपालिकाको आर्थिक विवरणको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकरण गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृति भए वमोजिमको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS)ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।<br>• गाउँपालिकाले आ.व.२०७५।०७६को आर्थिक विवरण र खर्चको फाँटवारीमा खर्च शीर्षकगत बजेट बर्गीकरण गरेको देखिएन । खर्च शिर्षकगत बजेट वर्गीकरण नगर्दा कुन खर्च शिर्षकमा कति रकम खर्च भयो भन्ने एकिन गर्न सकिएन गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु तयार पार्ने र खर्च शिर्षकगत बजेट बर्गीकरण गरी खर्च लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन्:-<br>• कार्यालयले यो वर्ष कार्यक्रमतर्फ कुल रु. १३ करोड ७५ लाख ७० हजारको खरिद कारवाही गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम बार्षिक खरिद योजना तयार गरेको देखिएन ।<br>• गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी समानहरुको सहायक जिन्सी खातामा प्रविष्टि बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाइएको छ भने मूल जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।<br>• कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा गाउँपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन् ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>• सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन । | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-१४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो तयार पारेको देखिएन ।

त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

३. **कर्मचारी व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट दरवन्दी तथा पदपुर्तिको विस्तृत विवरण प्राप्त हुन आएन। प्राप्त विवरण अनुसार गाउँपालिकामा विभिन्न पदका ६७ दरबन्दी स्वीकृत रहेकोमा हाल ४५ जना कार्यरत रहेको देखियो । स्वीकृत दरबन्दी मध्ये २२ वटा दरबन्दी रिक्त रहेको देखिन्छ। रिक्त दरबन्दीमा पदपुर्ति गरी गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

| क्र.सं. | स्वीकृत पद | सख्या | पदपूर्ति | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|
| | | | संघीय रकारबाट सरुवा | साबिक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | |
| १ | अधिकृत छैठौं | ६ | २ | ० | २ | ४ | २ |
| २ | सहायक स्तर पाँचौ | २७ | ९ | १ | २ | १२ | १५ |
| ३ | सहायक स्तर चौथो | ३४ | ९ | ६ | १४ | २९ | ५ |
| **जम्मा** | | ६७ | २० | ७ | १८ | ४५ | २२ |

४. **सेवा प्रवाह :** गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सहज, सरल, गुणस्तरीय, प्रभावकारी र छिटो छरितो बनाई सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्यक्ष अनुभूति गराइने उल्लेख गरेको छ। प्राप्त विवरण यो वर्ष नगरकार्यपालिका र वडा कार्यालयहरुबाट देहाय बमोजिमको सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ। पञ्जीकरण र सिफारिश वाहेक अन्य सेवा अन्तर्गत कुन कुन सेवा प्रवाह गरिएको हो भन्ने स्पष्ट उल्लेख गरिएको छैन । सेवा प्रवाहको वार्षिक लक्ष्य निर्धारण गरी सोही बमोजिम सेवा उपलब्ध गराउने प्रयास गरिनु पर्दछ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिश संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिश | ३६० | ३६० |
| २ | घरबाटो सिफारिश | २७० | २७० |
| ३ | नाता प्रमाणित | ३३० | ३३० |
| ४ | जन्म, मृत्यु दर्ता | ६४९ | ६४९ |
| ५ | अन्य (बसाइसराइ) | ३२६ | ३२६ |
| **जम्मा** | | **१९३५** | **१९३५** |

५. **घर नक्शा पास र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण :** कार्यालयको यस वर्षको घर नक्शा पास तथा निर्माण कार्यको स्थिति देहाय अनुसार रहेको पाइयो :

| क्र. सं. | घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा | |
| १ | ६ | ० | ० | १ | १ | ६ वटा निवेदन मध्ये १ सम्पन्न |

६. **न्यायिक समिति र न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिमा जम्मा ४१ वटा मुद्दा दर्ता हुन आएकोमा २९ वटा मुद्दा किनारा लगाएको र १२ वटा मुद्दाहरु किनारा लगाउन बाँकी रहेको देखिन्छ ।

| सि.नं. | बिवरण/विषय | दर्ता संख्या | किनारा लगाएको | किनारा लाग्न बाँकी |
|---|---|---|---|---|

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>मानिस हराएको</td><td>१</td><td>१</td><td>०</td></tr>
<tr><td>२</td><td>गरगहना</td><td>१</td><td>०</td><td>१</td></tr>
<tr><td>३</td><td>चरिचरण</td><td>२</td><td>१</td><td>१</td></tr>
<tr><td>४</td><td>गाली बेइजती</td><td>९</td><td>७</td><td>२</td></tr>
<tr><td>५</td><td>घरेलु हिसा</td><td>१</td><td>१</td><td>०</td></tr>
<tr><td>६</td><td>पालनपोषण</td><td>२</td><td>१</td><td>१</td></tr>
<tr><td>७</td><td>कुटपिट</td><td>१३</td><td>१२</td><td>१</td></tr>
<tr><td>८</td><td>लेनदेन</td><td>५</td><td>३</td><td>२</td></tr>
<tr><td>९</td><td>साँध सिमाना</td><td>३</td><td>२</td><td>१</td></tr>
<tr><td>१०</td><td>करकाप</td><td>१</td><td>०</td><td>१</td></tr>
<tr><td>११</td><td>अंशबण्डा</td><td>३</td><td>१</td><td>२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१</td><td>२९</td><td>१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.</td><td>स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा व्यवस्थित र अद्यावधिक अभिलेख व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन: भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन भने भ्रमण प्रतिबेदन समेत पेश गरेको देखिएन । साथै कार्यालयमा उपस्थित रहेको दिनमा समेत अनुगमन तथा भ्रमणमा खटिएको देखिन्छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु. १३ करोड ८ लाख ६६ हजारको पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अत: यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>चौमासिक खर्च : कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा अनुपात मिलाई खर्च गर्नुपर्नेमा कार्यालयले यो बर्ष पूँजीगत शिर्षकमा गरेको कुल खर्च रु. १३ करोड ८ लाख ६६ हजारमध्ये देहाय अनुसार प्रथम चौमासिकमा ७ प्रतिशत, दोस्रो चौमासिकमा २३ प्रतिशत र तेस्रो चौमासिकमा ७१ प्रतिशत खर्च गरेको छ । कुल खर्चमध्ये आषाढ महिनामा मात्र ३५  प्रतिशत खर्च गरेको छ । कार्यालयले</td><td></td></tr>
</table>

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | आर्थिक बर्षको अन्त्यमा मात्र बढी भार पर्ने गरी पुँजीगत खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | गा.पा. पूँजीगत | १०८६३५३३८ | ८६९६६२३ | २९५१६२६० | ७०४२२४५५ | ३६४१६३८० |
| २ | झोलुंगे पुल | ४३६३४२ | - | - | ४३६३४२ | ४३६३४२ |
| ३ | प्रदेश सशर्त | १६६००००० | - | - | १६६००००० | ५६२७५३१ |
| ४ | आन्तरिक श्रोत | ५१९४०९८ | - | - | ५१९४०९८ | ३९४३१२४ |
| **जम्मा** | | **१३०८६५७७८** | **८६९६६२३** | **२९५१६२६०** | **९२६५२८९५** | **४६४२३३७७** |
| **खर्च प्रतिशत** | | | **७** | **२३** | **७१** | **३५** |

११. **क्षेत्रगत बजेट र खर्चको स्थिति:** यस गाउँपालिकाको गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ :–

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८२५०००० | ७०१२५०० | ४ |
| २ | पुर्वाधार विकास | ९४५५२८४० | ८०३६०००१ | ५० |
| ३ | सामाजिक विकास | १६९२०००० | १४३८२००० | ९ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ३१४९००० | १३१९२०८७ | ८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५३५३७००० | ४५०८०९०३ | २८ |
| | **जम्मा** | **१७६४०८८४०** | **१६००२७४९१** | **१००** |

१२. **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** यस गाउँपालिकाको गाउँसभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको पाइयो :–

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | ३६८९३००० | ३१३५९०५० | ७४.०० |
| २ | खानेपानी तथा सरसफाइ | १७००००० | १४४५००० | ३.४० |
| ३ | सिंचाई | ७४२०००० | ६३०७००० | १४.८३ |
| ४ | भु-क्षय तथा ढल, बन, जल उत्पन्न प्रकोप नियन्त्रण | २९००००० | २४६५००० | ५.७९ |
| ५ | विद्यालय भवन तथा शौचालय | १५८०००० | १३४३०० | ०.३१ |
| ६ | खेलमैदान | ९७५००० | ८२८७५० | १.६७ |
| | **जम्मा** | **५१४६८०००** | **४२५३९१००** | **१००** |

१३. **योजना र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्तहुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले योजना तर्जुमा गर्दा तद्नुसार सहभागितामुलक योजना तर्जुमा गरी कार्यान्वयन गरेता पनि मध्यम तथा दीर्घकालिन प्रकृतिको उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरेको एंव दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यो वर्ष गाउँपालिकाले देहाय बमोजिमका ३१६ वटा योजनाहरुमा रु. १३ करोड ८ लाख ६६ हजार खर्च गरेको छ ।

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ३ लाख सम्मका | रु. ३ देखि ४ लाख सम्मका | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १३६ | ७३ | २१ | १२ | २४ | २१ | २९ | ३१६ |

उपर्युक्त तालिका अनुसार कूल योजना संख्या ३१६ मध्ये रु. ३ लाखसम्मका योजना संख्या २३० (कूल संख्याको ७२.७८ प्रतिशत रहेको पाइयो । यसरी साना योजना अधिक संख्यामा छनौट तथा कार्यान्वयन

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गर्दा अनुगमन तथा मूल्यांकनमा कठिनाइ हुने, योजनाहरुको उपलब्धि तथा प्रभावकारिता मापन गर्न कठिनाइ हुने हुँदा ऐनको व्यवस्था अनुसार आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । | |
| १४. | **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| १५. | **उपभोक्ता समिति दर्ता :** संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १६. | **उपभोक्ता समिति परिचालन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १७. | **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| १८. | **कन्टिन्जेन्सी खर्च :** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । यो वर्ष कार्यालयले रु.३१,३१,१९६/- कन्टिन्जेन्सी  खर्च लेखेको छ । | |
| १९. | **सशर्त अनुदानको रकम फिर्ता नपठाएको :** गाउँपालिकाले यो वर्ष निकासा लिएको सशर्त अनुदानको रकम मध्ये शिक्षा तर्फको रु.१,५३,३६५/- र महिला बालबालिका तर्फको रु.३०,०००/- गरी जम्मा रु.१,८३,३६५/- खर्च नभई बाँकी रहेको देखिएकाले संघिय संचित कोष फिर्ता पठाउनु पर्ने रु. | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | | १,८३,३६५/- |
| २०. | कार्यालयले वित्तीय समानीकरण अनुदान बाहेक देहायका बजेट शिर्षकबाट संचालित योजनाहरुमा सिर्जना गरेको कन्टिन्जेन्सी वापतको रकम रु. ९,९७,०३२/- मध्ये रु. ७,९०,११५/- खर्च गरेकोमा रु. २,०६,९१७/- खर्च नभई स्थानीय संचित कोषमा फिर्ता गरको छ। शसर्त तर्फको बजेटबाट सिर्जना भई खर्च नभएको कन्टिन्जेन्सी वापतको रकम संघिय संचित कोषमा फिर्ता पठाउनु पर्नेमा स्थानीय संचितकोषमा राखेको छ। संघिय शसर्त बजेटबाट सिर्जना भएको कन्टिन्जेन्सी मध्ये खर्च नभई बाँकी रहेको रकम संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु. | २,०६,९१७/- |
| २१. | **बायो इन्जिनियरिङ्ग लागत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची- को ढाँचामा तयार गर्नु पर्ने उल्लेख छ। लागत अनुमान तयार पार्दा श्रमिकको खर्च, निर्माण सामग्रीको खर्च, यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित) का आधारमा आइटम दररेट निकाली सोही दररेटले निर्माणकार्यको आइटमलाई गुणन गरी लागत अनुमान तयार पार्ने र सो लागत अनुमानमा ४ प्रतिशत कन्टिन्जेन्सी खर्च थप गरी कूल लागत अनुमान निर्धारण गर्नु पर्दछ। कार्यालयले सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको आइटमको मूल्यका आधारमा लागत निर्धारण गरी ४ प्रतिशत कन्टिन्जेन्सी, २ प्रतिशत मर्मत सम्भार कोष र २ प्रतिशत वायोइन्जिनियरिङ्ग थप गरी कूल लागत निर्धारण गर्ने गरेको छ। उपभोक्ता समितिसँग निर्माण गराउँदा लागत अनुमान रकममा नै सम्झौता गरी कार्य गराउने गरेकोमा बिल भुक्तानी दिँदा ४ प्रतिशत कन्टिन्जेन्सी, २ प्रतिशत मर्मत सम्भार कोष र २ प्रतिशत बायो इन्जिनियरिङ्ग वापत कट्टा गरी भुक्तानी दिने गरेको छ। गाउँपालिका भएका कुनै पनि सडक निर्माण कार्यमा वायो इन्जिनियरिङ्गको कार्य भएको देखिदैन। सबैजसो सडक निर्माण कार्यको बिल भुक्तानीमा वायो इन्जिनियरिङ्ग वापतको रकम कट्टा गरी राख्ने गरेको छ। सडक निर्माण कार्यका सबैजसो योजनामा राखिएको उक्त आइटम कुनै पनि योजनामा नगराएको हुँदा सो आइटम आवश्यक हो वा होइन यकिन गरिनु पर्दछ। | |
| | **आन्तरिक आयतर्फ** | |
| २२. | **ढुङ्गा, गिटी, वालुवा, दहत्तर/बहत्तर को बिक्री तथा निकासी कर:** गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिटी, वालुवाको बिक्रि तथा निकासी गरी आय आर्जन गर्ने प्रयोजनका लागी सुनकोशी नदीमा मिसिने खोला सहितको उत्खननका लागि IEEप्रतिवेदन अनुसार ६७२५० घ.मि.उत्खनन् गर्न मिल्ने देखाएकोमा गाउँपालिकाले २६५८८ घ.मि. उत्खनन् का लागि रु.८८४९,५५७/- न्यूनत्तम अंक निर्धारण गरी प्रथम पटक २०७५/५/८ मा सूचना प्रकाशन गरी गरेको छ। प्रथम पटकको सूचनाको अन्तिम म्यादभित्र कुनै पनि बोलपत्र पत्र नआएका कारण मिति २०७५/६/१८ मा दोश्रो पटक र मिति २०७५/६/२६ मा तेश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै बोलपत्र पेश हुन आएको देखिएन। बोलपत्रको माध्यबाट उत्खनन् तथा संकलनको कार्य नभए पछि ९४४६ घ.मि. उत्खनन्का लागि रु.३०,००,०००/- न्यूनत्तम मूल्य निर्धारण गरी मिति २०७५/८/६ मा सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेको छ। सूचनाको म्याद भित्र ४ वटा सिलबन्दी दरभाउपत्र फारम बिक्रि भै ३ वटा पेश हुन आएका छन्। पेश भएका मध्य सबैभन्दा बढी अंक कबोल गर्ने ठेकेदार कार्की विल्डर्सको रु.३०,४०,३२९/- को बोलपत्र स्वीकृत गरी मिति २०७५/८/२० देखी २०७६ असार मसान्त सम्मको म्याद राखी सम्झौता भएको छ। सम्झौता बमोजिम सम्झौता भएको १५ दिनभित्र प्रथम किस्ता वापत २५ प्रतिशत, २०७५ माघ मसान्तसम्म दोश्रो किस्ता वापत ४० प्रतिशत र २०७६ जेठ मसान्त भित्र अन्तिम किस्ता वापत ३५ प्रतिशत रकम बुझाउनु पर्ने शर्त राखिएको छ। ठेकेदारले मिति २०७५/११/२३ मा रु. ६,४४,०००/- र मिति २०७६/१/६ मा रु. ६,००,०००/- गरी जम्मा रु. १२,४४,०००/- बुझाएको छ। सम्झौताको म्याद भित्र सम्झौता बमोजिमको पूरै रकम रु.३०,४०,३२९/- मध्ये रु.१७,९६,३२९/- बुझाउन बाँकी देखिन्छ। कार्यालयले २०७६/४/६ मा निज ठेकेदारको कार्यसम्पादन जमानत वापतको रकम रु.१७,५६,५००/- जफत गरी संचित कोष दाखिला गरेको छ। ठेकेदारले बुझाएको रु.१२,४४,०००/- र कार्यसम्पादन जमानत बाट प्राप्त रकम रु.१७,५६,५००/- समेत रु. ३०,००,५००/- प्राप्त भएकोमा सम्झौता बमोजिमको रकममध्ये रु.३९,८२९/- अझै असुल हुन बाँकी देखिन्छ। सम्झौता बमोजिम ठेकेदारले बुझाउन बाकी उक्त रकम असुल हुनुपर्ने रु. | ३९,८२९/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २३. | **मूल्य अभिवृद्धि कर :** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन र जिल्ला बाहिर निकासी गर्ने ठेकदारले सम्झौता बमोजिम बुझाउनु पर्ने रकममा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समेत बुझाउनु पर्दछ। यस गाउँपालिकासँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन र जिल्ला बाहिर निकासी गर्ने कार्यको ठेकेदार कार्की विल्डर्सले उक्त ठेक्का वापत बुझाउनु पर्ने रकम मध्ये निजले बुझाएको रु.१२,४४,०००/- मा १३ प्रतिशत मूल्य अभिबृद्धि कर रु.१,६१,७२०/- बुझाएको देखिएन। बुझाउनु पर्ने मूल्य अभिबृद्धि कर वापतको रकम रु. १,८०,३८०/- आन्तरिक राजस्व कार्यालयमा बुझाएको भौचर प्रमाण पेश हुनुपर्ने रु. | १,६१,७२०/- |
| २४. | **ब्याक हो लोडर भाडा :** गाउँपालीकाले तयार गरेको सवारी साधन परिचालन र व्यवस्थित गर्ने कार्यविधि, २०७५ र गाउँसभाको निर्णय बमोजिम गाउँपालिकाको नाममा रहेका ब्याक हो लोडर कुनै व्यक्तिले भाडामा लगेमा प्रति घण्टा रु.२४००/- र कुनै संघ/संस्था/समितिले प्रयोग गरेमा प्रति घण्टा २२००/- का दरले भाडा असुल गर्ने व्यवस्था छ। २०७५ पौषमा खरिद गरिएको कार्यालयको लोडरको लगबुक परीक्षण गर्दा २०७५/९/६ देखी २०७६ असार मसान्तसम्म जम्मा १०२६ घण्टा (होल्ड रहेको र मर्मतमा गएको अवधि वाहेक) प्रयोग भएको देखिन्छ। सो अवधि मध्ये ५४.८ घण्टा मध्य पहाडि लोकमार्गमा पहिरो सोर्न गएको, ७.८ घण्टा व्यक्तिगत प्रयोजनमा गएको र ९६३.८ घण्टा उपभोक्ता समितिले प्रयोग गरेको देखिन्छ। प्राप्त विवरण अनुसार व्यक्तिगत प्रयोगबाट प्रतिघण्टा रु.२,४००/- का दरले ७.८ घण्टाको रु.१८,७२०/- र उपभोक्ता समितिले प्रयोग गरे वापत प्रति घण्टा रु.२,२००/- का दरले ९६३.८ घण्टाको रु. २१,२०,३६०/- समेत जम्मा रु.२१,३९,०८०/- भाडा असुल हुनुपर्ने देखिन्छ। कार्यालयको आन्तरिक आम्दानी परीक्षण गर्दा रसिद नं.७०१ देखी ७४७ र र.नं.६०३ र ६०४ बाट जम्मा रु.३,८०,६२०/- असुल भएको छ भने उपभोक्ता समितिहरुको बिलबाट रु.६,५८,९६२/- कट्टा गरी जम्मा रु.१०,३९,५८२/- डोजर भाडा असुल भएको देखिन्छ। डोजर भाडामा पठाउँदा सम्झौता नगरी पठाउने, भाडामा पठाउँदा अग्रिम भाडा असुल नगर्ने गरेका कारण पूरै भाडा रकम असुल हुन सकेको देखिँदैन। डोजर चालकको जिम्मामा नगदी रसिद दिएको भरमा प्रयोग भएको पूरै अवधिको भाडा असुल हुन सकेको छैन। लगबुक अनुसार प्रयोग भएको अवधि (राजमार्गमा पहिरो सोर्ने काम वाहेक) ९७१.६ घण्टाको भाडा रु. २१३९०८०/- मध्ये असुल हुन बाँकी भाडा रु.१०,९९,४९८/- का सम्बन्धमा आवश्यक छानबिन गरी सम्बन्धित व्यक्ति/समितिबाट असुल गर्नुपर्ने रु. | १०,९९,४९८/- |
| २५. | **वडागत आय विवरण तयार नगरेको :** वडा कार्यालयहरु मार्फत मालपोत र नगदी रसिरबाट आय संकलन गर्ने गरिएकोमा वडागत असुलीको विवरण तयार पारेको छैन। वडा कार्यालयहरुलाई बुझाएको नगदी रसिदको संख्या र नम्बर तथा वडा कार्यालयहरुबाट फिर्ता आएका रसिद ठेली र नम्बरको अद्यावधिक विवरण राख्ने गरेको छैन। वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन। जसबाट कुन वडा कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन। अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ। | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजीगत तर्फ)** | |
| २६. | **ज्याला तथा निर्माण सामग्रीको दररेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रका कार्यालयलाई दिनुपर्ने व्यवस्था छ।<br>यस गाउँपालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी गाउँ कार्यपालिकाले पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | व्यवस्था रहेको भए तापनि निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटभन्दा बढी रहेको पाइयो । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| २७. | **लागत सहभागिता** – तर्जुमा गरी लागू गरिएको उपभोक्ता समिति गठन, परिचालन, योजना तर्जुमा एवम् छनौट कार्यक्रम तथा व्यवस्थापन सम्बन्धमा फिक्कल गाउँ कार्यपालिकाद्वारा मिति २०७५।१।१२ मा जारी "फिक्कल गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७(३) मा उपभोक्ता समितिले कूल लागतको कम्तीमा १० प्रतिशत नगद सहभागिता र २० प्रतिशत श्रमदान गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । कार्यालयले लागत सहभागिता वापत कूल लागतको १० प्रतिशत तोकेकोमा उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला नगराई उपभोक्ता समितिकै खातामा जम्मा गराउने गरेको पाइयो । समितिहरुको खातामा रहेको रकम जुनसुकै वेला निजहरुले झिक्न सक्ने अवस्था रहेकोले योजनाहरुको कार्यान्वयनमा यथार्थ रुपमा लागत सहभागिता जुटेको अवस्था देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । अतः लागत सहभागिता वापत लाभग्राही समुदायबाट उठाइएको रकम एक निश्चित कोषमा राख्ने वा त्रुटि सच्याउने अवधि पश्चात् मात्र फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ । | |
| २८. | **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न योजना/कार्यक्रमको लागत अनुमान तयार गर्दा २ प्रतिशतले हुने रकम मर्मत सम्भार कोषको लागि व्यवस्था गरेको पाइयो । निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्थालाई अझ प्रभावकारी बनाउनुपर्दछ । | |
| २९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ३०. | **निर्माण कार्यको गुणस्तर–** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको कार्यविधि, २०७५" को दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :–<br>• स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने,<br>• कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने,<br>• उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने,<br>• योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने ।<br>उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| ३१. | **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, भ्यू टावर निर्माण, विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| ३२. | **फाराम तथा अनुसूचीहरुको प्रयोग –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । कतिपय फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो । अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ । | |
| ३३. | **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च–**महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, ज्येष्ठ नागरिक, एकल महिला सम्मान, महिला स्वयंसेविका प्रोत्साहन, लक्षित वर्ग कार्यक्रम, आर्थिक सहायता/विपद व्यवस्थापन जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| ३४. | **अनुत्पादक क्षेत्रमा लगानी–**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर, गुम्बा निर्माण/मर्मत, खेलकुद मैदान जस्ता योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो ।<br>यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । | |
| ३५. | **उपभोक्ता समिति पेश्की सम्बन्धमा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा सार्वजनिक निकायले उपभोक्ता समितिलाई खरिद सम्झौताको बढीमा एक तिहाइसम्म पेश्की उपलब्ध गराउन सकिने व्यवस्था छ । गाउँपालिकाले तर्जुमा गरेको कार्यविधि तथा उपभोक्ता समितिसँगको सम्झौतामा सो सम्बन्धी प्रावधान नराखेको भए तापनि कार्यालयले उपभोक्ता समितिलाई ४५ प्रतिशतसम्म पेश्की उपलब्ध गराउने गरेको पाइयो । उपभोक्ता समितिहरुसँग पेश्की जमानत समेत लिने नगरिएको अवस्थामा यसरी तोकिएको सीमाभन्दा पेश्की प्रदान गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३६. | **सडक नाला बायो-इञ्जिनियरिङ्ग सम्बन्धमा –** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणी पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको लागि योजनाहरुको लागत अनुमानमा २ प्रतिशतले हुने रकम छुट्याएको भए तापनि सडक योजनाहरुमा सो सम्बन्धी कुनै कार्य नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने, वर्षात्पछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३७. | **घटी लम्बाइमा कार्य–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य (नयाँ ट्र्याक तथा सडक विस्तार समेत) भएको पाइयो । यसरी लम्बाइ घटे तापनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको परिमाण बढाउने र जसको कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा बाटो कटिङको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित ८ योजनाहरुमा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. | १४,६९,८५५/- |

| भौ.नं./मिति | सडक योजनाको नाम | लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.) | लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.) | औ. दर रु. | थप रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लम्बाई (मी.) | एक्साभेशन को परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशन को परिमाण (घ.मी.) | | | | |
| ५२-०७५/८/२८ | मोहनको घरदेखि बाँसबोटे सडक निर्माण | १५७५ | ९३३८ | १२३० | ९४२६ | ७२९२ | २१३३ | ९६/३२ | २०५४५० |
| ५५, २३७, ४१३-०७६/३/३० | चनौटे भेडीखोर फिक्कल सडक | ३५२५ | २३६३६ | २२५० | २०८३८ | १५०८७ | ५७५१ | ९८/४७ | ५६६३०० |
| ९५-०७५/११/९ | तल्लो खुरहरि मा.वि. स्कूल मो. बाटो | १३०० | ७२२५ | १००० | ६०८५ | ५५९८ | ५२७ | ९८/४७ | ५१८९३ |
| १००-०७५/११/१४ | तीनघरे सडक निर्माण | ७७५ | ४७५८ | ५२५ | ४३७९ | ३२२३ | ११५६ | ९८/४७ | ११३८३१ |
| १४४-०७५/१२/०४ | देउकी डाँडा हात्तीटार भेडीखोर | ११०० | ५४१६ | ८१० | ५३०५ | ३९८८ | १३१७ | ९८/४७ | १२९६८५ |
| २९७-०७६/३/०४ | सोल्पा दारेगौंडा आरुबोट | ११७५ | ६११२ | ९०० | ५२४१ | ४६८१ | ५६० | ९८/४७ | ५५१४३ |
| ३३२-०७६/३/१९ | सोखुबैंसी सल्लेनी सडक | १६२५ | ७५४७ | १०८० | ७७३१ | ५०१६ | २७१५ | ७३/- | १९८१९५ |
| ३८५-०७६/३/२५ | राउतटोल सार्कीडाँडा सडक | १४०० | ८१५९ | ५१० | ५०१८ | २९७२ | २०४६ | ७३/- | १४९३५८ |

| दफा नं. | व्यहोरा | | | | | | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १२४७५ | | ८३०५ | | | १६२०५ | जम्मा | १४६९८५५/- |

३८. **माटो र चट्टान काट्ने कार्यको अनुपात –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ। कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो। कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा चट्टान ३५ देखि ८७ प्रतिशतसम्म राखेको पाइयो। प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ। यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ। यसका केही उदाहरण देहाय अनुसार छन् :-

| योजनाको नाम | कूल रोड वे एक्साभेशनपरिमाण (घ.मी.) | माटो, चट्टान अनुपात (प्रतिशत) | | | | एक्साभेशन दर रु. (प्रति घ.मी.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नरम माटो | कडा माटो | नरम चट्टान | मध्यम/कडा चट्टान | नरम माटो | कडा माटो | नरम चट्टान | मध्यम/कडा चट्टान |
| देवीटार जाङजाङ सिलुङ्गे सडक | १२४५८ | १९ | २१ | १७ | ४३ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| मोहनको घरदेखि बाँसबोटे सडक निर्माण | ९४२६ | १२ | ३४ | ३८ | १६ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| गोगनपानी डाँडागाउँ भञ्ज्याङ्ग सोबुखोला | १३७६७ | - | १३ | ४२ | ४५ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| गोगनपानी डाँडागाउँ भञ्ज्याङ्ग सोबुखोला (स्थानीय पूर्वाधार विकास) | २०७८९ | २४ | ३६ | ३१ | ९ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| तल्लो खुरहरि मा.वि. स्कूल मो. बाटो | ६०८५ | २८ | ३५ | २८ | ९ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| संगमचोक देखि खाङ्गसाङ्ग भञ्ज्याङ्ग | १०५८७ | ३६ | २९ | ३० | ५ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| राउतटोल सार्की डाँडा सडक | ८१५९ | १९ | २१ | १७ | ४३ | ६०/७४ | ७३/०० | ९८/४७ | १५१/४५ |
| | | | | | | | | | |

३९. **थप व्ययभार –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ। कार्यालयले छनौट गरी सञ्चालन गरेका कतिपय सडक आयोजनाको माटो र चट्टानको अनुपात शुरु लागत अनुमान/डिजाइन तथा डि.पि.आर. मा उल्लेख भएकोभन्दा सारभूत रुपमा फरक हुने गरी कार्य सम्पन्न गराएको पाइयो। जसको कारणबाट तोकिएभन्दा घटी लम्बाइ तथा परिमाणमा काम भए तापनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको छ। निम्नलिखित सडक योजनाको लागत अनुमान/डिजाइनमा उल्लेख भएभन्दा बढी चट्टान राखेको कारणबाट देहाय अनुसार रु. १३३,५९७/- थप व्ययभार परेको देखिएकोले यसरी चट्टानको मात्रा बढाउनाको कारण, आधार तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

१३३,५९७/-

| भौ.नं./मिति | सडक योजनाको नाम | काम भएको परिमाण (घ.मी.) | चट्टानको अनुपात (प्रतिशतमा) | | एक्साभेशन दर | | फरक दर | थप व्ययभार रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागत अनुमान/डिजाइन अनुसार | नापी किताब अनुसार | ल.ई. अनुसारको भारित औसत दर | भुक्तानी भएको भारित औसत दर | | |
| ९५-०७५/११/१९ | तल्लो खुरहरि मा.वि. स्कूल मोटरबाटो | ६०८५ | हार्ड रक नभएको हार्ड रक | ९.२ (हार्ड रक थप गरेको) | ६८/१९ | ८३/८६ | १५/६७ | ९५३५२ |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४०९-०७६/३/३० | निगुरेखोला धमिनी सडक | ४५१० | ३० | ३६ | ६४/०४ | ७२/५२ | ८/४८ | ३८२४५ |
| | | | | | | | जम्मा | १३३५९७/- |

४०. **लम सम ढुवानी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेट अनुसार दर विश्लेषण गरी आइटमको दर निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माणसँग सम्बन्धित विभिन्न योजनाको लागत अनुमान तयार गर्दा निर्माण सामग्री ढुवानी भनी केही निश्चत रकम लम सम (एक मुष्ट) मा राख्ने गरेको पाइयो । निर्माण सामग्रीको परिमाण, तौल तथा निर्माणस्थलसम्मको दुरीको आधारमा ढुवानी लागत तय गर्नुपर्ने वा निर्माणको आइटम दरमा नै ढुवानी लागत विश्लेषण गरी समावेश गर्नुपर्नेमा यसरी एकमुष्ट लागत समावेश गर्ने कार्य उपयुक्त नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । लमसम ढुवानी लागत समावेश भएका केही उदाहरण निम्नानुसार छन् :–

| भौ.नं./मिति | योजनाको नाम | कूल खर्च | ढुवानी रकम | प्रतिशत |
|---|---|---|---|---|
| २८८-०७६/३/०३ | विद्युतीकरण (वडा नं. १) पोल खरिद, ढुवानी | २०,००,०००/- | १४१,५७०/- | ७.०८ |
| १७३-०७६/१/०४ | विद्युतीकरण (वडा नं. ५) पोल खरिद, ढुवानी | ४५,००,०००/- | १३७,९७०/- | ३.०७ |
| १४१/०७५/१२/०४ | बान्धे खोला वटबन्धन | २००,०००/- | ५५००/- | २.७५ |
| ३८३-०७६/३/२५ | लघु जलविद्युत योजना साखर | ८५०,०००/- | ६१,१६५/- | ७.२० |

४१. **बढी मू.अ.कर भुक्तानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यससरी जारी भएको अनुसारको मू.अ.कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले उपभोक्ता समिति मार्फत् गराइने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ईंटा, सिमेण्ट, डण्डी लगायतका नन-लोकल निर्माण सामग्रीको स्वीकृत पालिका दरमा १३ प्रतिशतले हुने मू.अ.कर वापतको रकम समावेश गरी सम्बद्ध आइटमहरुको दर विश्लेषण गरेको पाइयो । लागत अनुमानको लागि गरिएको दर विश्लेषणमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको दरभन्दा उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो । उपभोक्ता समितिहरु निर्माण कार्यको रनिङ्ग तथा अन्तिम बिल भुक्तानीका लागि पेश भएको बिल, बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको मू.अ.कर भन्दा उपभोक्ताले यथार्थ रुपमा आपूर्तिकर्तालाई तिरेको मू.अ.कर घटी रहेको देखिन्छ । अतः उपभोक्ता समितिलाई देहाय अनुसार बढी भुक्तानी देखिएको मू.अ.कर रकम असूल हुनुपर्ने रु.

०/-

| भौ.नं./मिति | योजनाको नाम | निर्माण सामग्री | परिमाण | दर विश्लेषण अनुसारको दर | बिल, बिजक अनुसारको दर | फरक दर | फरक मू.अ.कर दर | बढी भुक्तानी मू.अ.कर. |
|---|---|---|---|---|---|---|---|---|
| ८, १३, १४७ | गाउँपालिका भवन तथा शौचालय | ईंटा | ३०१११ (५३.७७ घ.मी.) | १७/५० | १३/- | ४/५० | ०/५९ | १७,७६५ |
| ९, १२, १२४ | गाउँपालिका भवन (एल. आकारको) | ईंटा | १५२३२ (२७.३० घ.मी.) | १७/५० | १३/- | ४/५० | ०/५९ | ८,९८७ |
| १६, १५६, ४१४ | फिक्कल भ्यू टावर निर्माण | ईंटा | १८०८२ (३२.२९ घ.मी.) | १७/५० | ११/५० | ६/०० | ०/७८ | १४,१०४ |
| ४०, १०३, २८१, ४०५ | वडा कार्यालय भवन, वडा नं. ५ | डण्डी | २७०४ के.जी. | ८७/५० | ७६/१० | ११/४० | १/४८ | ४,००२ |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५९-०७५/१२/८ | सोखुखोला दोस्रो जल विदुत आयोजना | सिमेण्ट | ३७४ बोरा | ९५०/- | ७१०/- | २४०/- | ३१/२० | ११,६६९ |
| | | | | | | | जम्मा | **५६,५२७/-** |

४२. **विद्युत विस्तार कार्य** – कार्यालयले निम्नलिखित वडामा राष्ट्रिय विद्युत लाइन विस्तार कार्यको लागि यस वर्ष देहाय अनुसार रु. १ करोड २५ लाख खर्च लेखेकोमा देहाय अनुसारका व्यहोरा देखियो :–

| भौ.नं./मिति | योजनाको नाम | कूल खर्च |
|---|---|---|
| २८८-०७६/३/०३ | वडा नं. १ मा विद्युत विस्तार | २०,००,०००/- |
| २७७-०७६/२९ | वडा नं. ३ मा विद्युत विस्तार | २०,००,०००/- |
| १६७-०७६/१/०३, १७३-०७६/१/०४ | वडा नं. ४, ५ र ६ मा विद्युत विस्तार (क) | ४५,००,०००/- |
| १७५-०७६/१/०५, १८२-०७६/१/६ | वडा नं. ४, ५ र ६ मा विद्युत विस्तार (ख) | ४०,००,०००/- |
| | **जम्मा** | **०/-** |

४२.१. **राष्ट्रिय प्रसारण लाइनको कार्य उपभोक्ताबाट** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। तर कार्यालयले गाउँपालिकाको वडा नं. १ देखि ४, ५ र ६ पर्ने मध्य पहाडी राजमार्गमा राष्ट्रिय प्रसारण लाइनको कार्यजस्तो जटिल प्राविधिक पक्ष समावेश कार्य उपभोक्ता समितिहरु मार्फत् गराएको मनासिब देखिएन । यस्ता कार्य व्यावसायिक, अनुभवी र योग्य फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्दछ ।

४२.२. **गुणस्तर परीक्षण तथा भौतिक निरीक्षण** – विद्युत विस्तार कार्यक्रम अन्तर्गत उपभोक्ताले विभिन्न आपूर्तिकर्ताबाट ग्याल्भनाइज्ड स्टील पोल, तार, कन्डक्टर लगायतका विभिन्न विद्युतीय उपकरण/सामग्रीहरु खरिद गरी ल्याएकोमा सोको Technial Specification तथा गुणस्तर मापदण्ड निर्धारण गर्ने Quality Assurance Plan (QAP)अनुसार गुणस्तर परीक्षण गर्नुपर्नेमा सो अनुसार गुणस्तर परीक्षण गरे, गराएको पाइएन । अतः त्यस्ता उपकरण/सामग्रीको प्रयोगशाला परीक्षण तथा भौतिक परीक्षण गर्ने व्यवस्था मिलाई निर्धारित गुणस्तर कायम गर्नुपर्दछ ।

४२.३. **बढी भुक्तानी** – कार्यालयले विद्युत विस्तार कार्यको लागत अनुमान तयार गर्दा नेपाल विद्युत प्राधिकरणको नर्म्स तथा दर रेटको आधारमा गरेको उल्लेख गरेको छ। कार्यालयले अन्य आइटमको दर नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत दर नै प्रयोग गरेकोमा पोलको खन्ने तथा गाड्ने कार्यको भुक्तानी फरक दरबाट गरेको पाइयो। प्राधिकरणले पोल खन्ने तथा गाड्ने कार्यको दर विश्लेषण गरी निम्नानुसारको दर उपलब्ध गराएकोमा उक्त दरको प्रयोग नगरी फरक किसिमबाट दर विश्लेषण गरेको कारणबाट देहाय अनुसार बढी भुक्तानी भएको पाइएकोले यस सम्बन्धमा फरक किसिमबाट भुक्तानी दिन मिल्ने आधार भए पेश हुनुपर्ने अन्यथा बढी भुक्तानी देखिएको रु. २,१४,५११/- असूल हुनुपर्ने रु. २,१४,५११/-

| योजनाको नाम | पोल संख्या | ने.वि. प्राधिकरणले उपलब्ध गराएको दर (प्रति पोल गाड्नको लागि) | सो अनुसार हुने लागत रु. | कार्यालयले भुक्तानी गरेको रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| वडानं. १ मा विद्युत विस्तार | ५६ | ५०२२/७५ | २८१,२३५/- | ३१५,४९५/- | ३४२६० |
| वडानं. १ मा विद्युत विस्तार | ५६ | ५०२२/७५ | २८१,२३५/- | ३१५,४९५/- | ३४२६० |
| वडा नं. ४, ५ र ६ मा विद्युत विस्तार (क) | १२५ | ५०२२/७५ | ६२७,७५६/- | ७०४२३०/- | ७६२४७ |
| वडा नं. ४, ५ र ६ मा विद्युत विस्तार (ख) | ११४ | ५०२२/७५ | ५७२,५१४/- | ६४२,२५८/- | ६९७४४ |
| | | | | जम्मा | **२१४५११/-** |

४२.४. **बढी ढुवानी लागत** – वडा नं. ४, ५ र ६ मा विद्युत विस्तार (क) योजना अन्तर्गत १२५ वटा पोल ढुवानी गर्दा काठमाडौँ – फिक्कल ट्रकद्वारा प्रति दिन रु. १५७३०।- का दरले जम्मा रु. ४७,१९०। तथा साइटमा ट्याक्टरद्वारा प्रति ट्रिप ६०५०।- का दरले १५ ट्रिपको रु. ९०,७५०।- खर्च लेखेकोमा सो अनुसार ५६ वटा पोलको ७ ट्रिप मात्र हुनेमा वडानं. १ र ३ को योजनाका उपभोक्ता समितिलाई ५६ वटा पोलको १३ ट्रिप गणना गरी रु. ७८,६५०। भुक्तानी गरेको पाइयो। जस अनुसार प्रति ट्रिप रु. ६०५०।- का दरले वडा नं. १ र

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>३ दुई वटा वडामा मा ६ ट्रिपको रु. ३६,३००।- का दरले बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी देखिएको रकम असूल हुनुपर्ने रु.</td><td>७२,६००/-</td></tr>
<tr><td>४३.</td><td><u>भौ.नं. ३९५-०७६/३/३०</u><br>ट्रान्सफर्मर खरिद – कार्यालयले क्याटलग शपिङ्ग खरिद विधि अन्तर्गत छनौट भएका आपूर्तिकर्ता नेपाल ट्रान्स्फर्मर एण्ड एलाइड इन्जिनियरिङ्गबाट मिति २०७६।२।५ मा खरिद सम्झौता गरी देहाय अनुसार रु. ३६,६९,९९९।– मूल्यको ट्रान्स्फर्मर तथा अन्य सामग्री खरिद गरेकोमा निम्न व्यहोरा देखियो :–
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>संख्या</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>100 KVA Transformer</td><td>३</td><td>१७३२५००/-</td></tr>
<tr><td>२</td><td>50 KVA Transformer</td><td>५</td><td>१९३७५००/-</td></tr>
<tr><td></td><td></td><td></td><td>०/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.१.</td><td>प्रसारण लाइन विस्तारको सुनिश्चिता नहुँदै खरिद – राष्ट्रिय प्रसारण लाइनको लागि खरिद गरिएका उक्त ट्रान्स्फर्मरमध्ये ५० के.भी.ए. क्षमताको एक थान कार्यालयमै मौज्दात रहेको पाइयो । अन्य ट्रान्स्फर्मर जडान भएको जानकारी प्राप्त भए तापनि हालसम्म विद्युत सेवा प्राप्त भएको देखिन । अतः विद्युत सेवा प्राप्त हुने सुनिश्चिता भएपछि मात्र यस्ता उपकरण खरिद गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३.२.</td><td>जडान नभएको – योजनामा जडान गर्नका लागि खरिद गरिएको उपकरण तथा सामग्री सम्बन्धित योजनामा जडान हुनपर्दछ । उक्त ट्रान्स्फर्मरमध्ये ५० के.भी.ए. क्षमताको एक थान कार्यालयमै मौज्दात रहेको पाइयो । अतः उक्त ट्रान्स्फर्मर सम्बन्धित साइटमा जडान भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३,८७,५००/-</td></tr>
<tr><td>४४.</td><td><u>भौ.नं. १२७-०७५/१२/२२, फिक्कल भ्यू टावर निर्माण</u><br>गाउँपालिका स्थित फिक्कल डाँडामा भ्यू टावर निर्माणको लागि यस वर्षरु. ४४,२३,७८३/- लागत अनुमान तयार गरी उक्त कार्य उपभोक्ता समिति मार्फत् गराउन गाउँपालिकाबाट रु. ४० लाख व्यहोर्ने सम्झौता भई यस वर्ष प्रथम र दोस्रो तथा अन्तिम बिलबाट सम्झौता अनुसार को रकम रु. ४० लाख भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–</td><td></td></tr>
<tr><td>४४.१.</td><td>निर्माण सामग्रीको घटी परिमाण – निम्नलिखित निर्माण सामग्रीको नापी किताब तथा प्राविधिक बिलमा चढाएको परिमाण र उपभोक्ता समितिले पेश गरेको सामग्रीको बिल, बीजक अनुसारको परिमाणमा अस्वाभाविक भिन्नता देखिएको छ । अतः यस सम्बन्धमा छानविन गरी बिल विजक पेश हुनुपर्ने तथा प्रयोगभन्दा बढी खर्च देखिए असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>निर्माण सामग्री</th><th>नापी किताबमा चढाएको परिमाण</th><th>पेश भएको बिल, बिजक अनुसारको परिमाण</th><th>घटी परिमाण</th><th>भुक्तानी दर</th><th>फरक रकम रु.</th></tr>
<tr><td>ईंटा</td><td>१८०८२ (३१२.२९ घ.मी.)</td><td>२००० वटा</td><td>१६०८२ वटा</td><td>१९/७८</td><td>३१८१०२/-</td></tr>
<tr><td>फलामे डण्डी</td><td>१२५१२ के.जी.</td><td>७८६५ के.जी.</td><td>४६४७ के.जी.</td><td>११६/९६</td><td>५५३५१३/-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>०/-</td></tr>
</table></td><td>८,७१,६१५/-</td></tr>
<tr><td>४४.२.</td><td>गुणस्तर परीक्षण – सिमेण्ट कंक्रिट, डण्डी लगायतका निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुकोगुणस्तर कायम गर्नुपर्नेमा व्यवस्था रहेकोमा त्यस्ता निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गाराई प्रतिवेदन लिएको पाइएन ।</td><td></td></tr>
<tr><td>४५.</td><td><u>भौ.नं. ३६६-०७६/३/२४</u><br><u>वडा कार्यालय भवन, (३ नं.) निर्माण</u><br>३ नं. वडाको वडा कार्यालय भवन निर्माणको लागि यस वर्षउपभोक्ता रु. रु. ३५,०१,६७०।- भुक्तानी भएकोमा निम्न व्यहोरा निम्न व्यहोराहरु देखिएका छन् :–</td><td></td></tr>
<tr><td>४५.१.</td><td>अधुरो लागत अनुमान तथा सम्झौता – उक्त वडा कार्यालय भवन निर्माणको लागि कार्यालयले पुरा भवनको लागत अनुमान स्वीकृति तथा सम्झौता नगरी प्लिन्थ लेभलसम्मको मात्र गरेको पाइयो । अतः कुनै संरचना निर्माण गर्दा एकमुष्ट प्याकेज बनाई लागत अनुमान तयार गर्नुपर्दछ। यस सम्बन्धमा छलफल गर्दा विनियोजित बजेट अनुसारको लागत लागत अनुमान तयार गरी सम्झौता गरिएको जवाफ प्राप्त भयो ।</td><td></td></tr>
</table>

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४५.२. | **बढी भुक्तानी –** फ्लोर पि.सि.सी.को स्वीकृत दररेट प्रति घ.मी. रु. १२०८५।६० रहेकोमा कार्यालयले पि.सी.सी. फर आर.सी.सी.को दर रु. १३,३७०।०५ को दरबाट भुक्तानी गरी प्रति घ.मी. रु. १२८४।४५ का दरले भुक्तानी गरेको पाइयो । जसको कारणबाट उक्त कार्य १६.६३ घ.मी. हुँदा रु. २१,३६०।- बढी भुक्तानी भएकोकाले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | २१,३६०/- |
| ४५.३. | **डण्डीको थप परिमाण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स तथा दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्री र ज्यालाको दर रेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फलामे डण्डीको परिमाण गणना गर्दा बार शेड्यूल सहितको विस्तृत गणना नगरी कंक्रिट (पि.सी.सी. फर आर.सि.सी) परिमाणलाई आधार लिई एक मुष्ट (Lump Sum) परिमाण निर्धारण गरेको पाइयो । शुरु डिजाइन तथा लागत अनुमान अनुसार पि.सी.सी. परिमाण (तौल) को १.६४ प्रतिशत राखेकोमा नापी किताबमा २.३० प्रतिशत राखेको पाइयो । डिजाइन तथा लागत अनुमानमा पिलर संख्या २३ रहेकोमा नापी किताब अनुसार २३ वटा मात्र बनेको देखिन्छ । लागत अनुमानमा डण्डीको परिमाण १०३२२ के.जी . रहेकोमा नापी किताबमा ११०२६ के.जी. चढाई भुक्तानी भएको छ ।<br>शुरुको पि.सि.सी. फर आर.सी.सी. परिमाण ८०.२० घ.मी. रहेकोमा नापी किताब अनुसार ६०.९८ घ.मी. (७६.०३ प्रतिशत) मात्र काम भएको देखिन्छ । सोही अनुपातमा डण्डीको परिमाण घट्नुपर्नेमा त्यसको विपरित बढेको पाइयो । शुरुको डण्डीको अनुपात अनुसार डण्डकिो परिमाण १.६४ प्रतिशत का दरले ७८५१ के.जी. (६०.९८*०.०१६४*७८५१) हुनेमा नापी किताब तथा बिलमा २.३० प्रतिशतका दरल १०,३२२ के.जी. चढाएको पाइयो । प्लिन्थ मथि उठाएर राखिएका तर ढलान नगरिएका कोलमहरुमा लागेको डण्डीको परिमाण करिब १४०० के.जी. समेत समावेश गर्दा जम्मा ९२५१ के.जी. मात्र डण्डी खपत भएको देखिएकोले यसरी बढी समावेश गरेको परिमाण १७५६ के.जी. का सम्बन्धमा छानविन गरी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | २०७,६०४/- |
| ४६. | **निर्माण सामग्रीको घटी परिमाण –** वडा कार्यालय भवन (वडा नं. ५) निर्माण उमभोक्ता समितिलाई ३ वटा बिलबाट रु. ३५ लाख भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न निर्माण सामग्रीको नापी किताब तथा प्राविधिक बिलमा चढाएको परिमाण र उपभोक्ता समितिले पेश गरेको सामग्रीको बिल, बीजक अनुसारको परिमाणमा अस्वाभाविक भिन्नता देखिएको छ । अतः यस सम्बन्धमा छानविन गरी यकिन हुनुपर्ने देखिएको रु. | ६२,१८८/- |

| निर्माण सामग्री | नापी किताबमा चढाएको परिमाण | पेश भएको बिल, बिजक अनुसारको परिमाण | घटी परिमाण | भुक्तानी दर | फरक रकम रु. |
|---|---|---|---|---|---|
| ईंटा | १४६४४ (३१२.२९ घ.मी.) | ११५०० वटा | ३१४४ वटा | १९/७८ | ६२,१८८/- |

| | | |
|---|---|---|
| ४७. | **उपकरणको प्रयोग –** कार्यालयले विभिन्न ६ विद्यालयको लागि ई-हाजिरी प्रणाली स्थापनाको लागि सो सम्बन्धी मेशिन/उपकरण आपूर्ति वापत रियल टाइम टेक्नोलोजी प्रा.लि. काठमाडौँलाई रु. ३ लाख भुक्तानी गरी खर्च लेखेको पाइयो । उक्त उपकरण सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेको देखिए तापनि ६ मध्ये २ विद्यालयमा कम्प्युटर नरहेको जानकारी प्राप्त भयो । कम्प्युटर बेगर उक्त हाजिरीको प्रयोग गर्न कठिनाइ हुने र आवश्यक हाजिरी, विदा तथा गलय सम्बन्धी रिपोर्ट समेत उत्पादन नहुने हुँदा उक्त उपकरण प्रदान गर्ने विद्यालय छनौटको निर्णय त्रुटिपूर्ण रहेको पाइयो । अतः सम्बन्धित विद्यालयमा उक्त उपकरण जडान तथा प्रयोगमा ल्याइएको प्रमाण लिई पेश हुनुपर्ने रु. | १००,०००/- |
| ४८. | **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :– | |
| ४८.१. | ११३-०७५/११/१३<br>**झगरे बैंसी लिफ्ट सिंचाइ योजना** उपभोक्ता समितिलाई रु. ९००,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा ५०/१० एम.एम. डायाको एच.डि.पी. पाइपको स्वीकृत दर प्रति र.मी. रु. २०८।५५ रहेकोमा रु. ५४९।- का दरले भुक्तानी गरेको पाइयो । जसको कारणबाट प्रति र.मी. ३४०।४५ का दरले ३०० प्रति र.मी. को बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | |

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td></td><td>१०२,१३५/-</td></tr>
<tr><td>४८.२.</td><td>२१५-०७६/२/०७<br>साँघुरी बल्छे चारघरे सिंचाइ योजना उपभोक्ता समितिलाई रु. ३५०,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा ३५ से.मी. गहिराइको कुलो खन्ने कार्य भएकोमा संरचनाको जग खन्ने नर्म्सको प्रयोग गरी देहाय अनुसार रु. २७,०६४/- बढी भुक्तानी गरेको पाइएकोले को बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>नर्म्स अनुसार हुने दर</th><th>भुक्तानी भएको दर</th><th>फरक दर</th><th>परिमाण</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>E/W in hard soil for canal</td><td>३६८/२३</td><td>१४७२/९०</td><td>११०४/६७</td><td>२४.५०</td><td>२७०६४/-</td></tr>
</table></td><td>२७,०६४/-</td></tr>
<tr><td>४८.३.</td><td>३२९-०७६/३/२९<br>ठुलो खेत कुलो मर्मत योजना उपभोक्ता समितिलाई रु. ७५,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा ३५ से.मी. गहिराइको कुलो खन्ने कार्य भएकोमा संरचनाको जग खन्ने नर्म्सको प्रयो गरी देहाय अनुसार रु. ९,८६५/- बढी भुक्तानी गरेको पाइएकोले को बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>नर्म्स अनुसार हुने दर</th><th>भुक्तानी भएको दर</th><th>फरक दर</th><th>परिमाण</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>E/W in hard soil for canal</td><td>३६८/२३</td><td>१४७२/९०</td><td>११०४/६७</td><td>८.९३</td><td>९,८६५/-</td></tr>
</table></td><td>९,८६५/-</td></tr>
<tr><td>४९.</td><td>खर्च तथा अनुदानको प्रभावकारिता – सार्वजनिक खर्च तथा अनुदान रकमबाट भएको कार्यको उपलब्धि तथा प्रभाव सम्बन्धमा निरन्तर तथा आवधिक अनुगमन मूल्यांकन हुनुपर्दछ।<br>कार्यालयले विभिन्न कार्यक्रम वापत विभिन्न संस्थालाई अनुदान रकम प्रदान गर्ने गरेकोमा सो अनुदान तथा खर्चको उपलब्धि तथा प्रभावकारिता सम्बन्धमा प्रभावकारी अनुगमन/मूल्यांकन भएको पाइएन । अत: कार्यक्रम सञ्चालन भएका सबै स्थानमा कार्यक्रमको प्रभावकारिता, उद्यमशीलता विकास तथा स्वरोजगारको स्थिति सम्बन्धमा मूल्यांकन गरी प्रतिवेदन पेश हुनुपर्दछ। यस वर्ष यसरी अनुदान प्रदान गरिएका केही उदाहरण देहाय बमोजिम छन् :–
<table>
<tr><th>भौ.नं./मिति</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३४-०७५/८/६</td><td>हिमाली फलफूल तथा नर्सरी फार्म</td><td>मेशिन औजार</td><td>१००,०००/-</td></tr>
<tr><td>१०९-०७५/११/२१</td><td>ग्रामिण सामुदायिक विकास संघ</td><td>गणित र विज्ञान विषयको प्रयोगात्मक कक्षा संचालन</td><td>६००,०००/-</td></tr>
<tr><td>३५७-०७६/३/२५</td><td>विभिन्न ५ कृषक</td><td>डाले घाँस नर्सरी अनुदान</td><td>१५०,०००/-</td></tr>
<tr><td>३५९-०७६/३/२५</td><td>श्री मा.वि. महादेव डाँडा</td><td>कम्प्युटर खरिद अनुदान</td><td>१५०,०००/-</td></tr>
<tr><td>३९६-०७६/३/३०</td><td>विभिन्न कृषक समूह</td><td>विभिन्न कृषि यन्त्र उपकरण</td><td>५२५,०००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९.१.</td><td>३५९-०७६/३/३०<br>बिल, भर्पाई पेश नभएको – माथिको तालिका अनुसार श्री मा.वि. महादेव डाँडालाई कम्प्युटर खरिद वापत रु. १५०,०००।- भुक्तानी दिएकोमा उक्त मालसामान खरिदको बिल, भर्पाई तथा जिन्सी आम्दानी बाँधेको प्रमाण पेश नभएको रु.</td><td>१५०,०००/-</td></tr>
<tr><td>४९.२.</td><td>३९६-०७६/३/३०<br>भर्पाई पेश नभएको – विभिन्न कृषि यन्त्र उपकरण आपूर्ति वापत श्रेष्ठ मेशिनरी, क.न.पा. ५, सिन्धुलाई रु. ५२५,०००।- भुक्तानी गरेको देखिन्छ। जसबाट पावर टिलर, मिनी टिलर, पम्प सेट लगायतका यन्त्र उपकरण खरिद भएकोमा ७ एच.पी. क्षमताको ३ पम्प सेटमध्ये २ वटा सम्बन्धित लाभग्राहीलाई बुझाएको नदेखिएकोले सम्बन्धितले बुझिलिएको भर्पाई पेश हुनुपर्ने रु.</td><td>१५०,०००/-</td></tr>
<tr><td>५०.</td><td>९९-०७५/११/१४<br>ठुलीपोखरी निर्माण, महामण्डल उपभोक्ता समितिलाई रु. २००,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार मर्मत सम्भार कोषका लागि रु. ४ हजार तथा बायो इन्जिनियरिङ्ग कार्यका लागि रु. ४ हजार कट्टी गरिने उल्लेख भएकोम बिल भुक्तानी गर्दा उक्त कोषहरुको लागि कट्टा नगरी भुक्तानी गरेको पाइएकोले सम्बन्धित उपभोक्ता समितिबाट उक्त रकम असूल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>८,०००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>५१.</td><td>१९४-०७६/१/१२, ४००-०७६/३/३०<br>लागत अनुमान तथा सम्झौतामा नभएको कार्यको भुक्तानी – सिलुङ्गे भिरगाउँ कोलबोट सडक निर्माण उपभोक्ता समितिलाई रु. १३,००,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार १७५० मी. सडक खन्नुपर्नेमा १४२५ मीटर मात्र खनेको पाइयो साथै लागत अनुमान तथा सम्झौताको बि.ओ.क्यु. मा उल्लेख नभएको निम्नलिखित आइटमको लागि रु. ४९०,३७३/- भुक्तानी गरेको देखियो । यसरी लागत अनुमान तथा सम्झौतामा उल्लेख नभएको कार्य गराउँदा सार्वजनिक खरिद ऐन, २०६४ को दफा ६४ लागत अनुमान संशोधन तथा भेरिएशन समेत गराएको नपाइएकोले उक्त कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>कार्य विवरण</th><th>परिमाण घ.मी.</th><th>दर</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>1. Stone Soling</td><td>१७२.४४</td><td>२२१३/७५</td><td>३८१,७३९/-</td></tr>
<tr><td>2. Dry Wall</td><td>३७.५७</td><td>२८९१/५०</td><td>१०८,६३४/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>०/-</td></tr>
</table></td><td>४९०,३७३/-</td></tr>
<tr><td>५२.</td><td>स्वीकृत कार्यक्रम तथा लागत अनुमानमा उल्लेख भएभन्दा फरक कार्य – संगम चोक देखि खाङसाङ्ग भञ्ज्याङ्गसम्मको सडक निर्माण उपभोक्ता समितिलाई रु. ८,००,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार उक्त सडक योजनाको ५०० मीटर खण्डमा ग्रेड सुधार तथगा ३५०० मीटर खण्डमा लेभलिङ्ग गर्ने साथै ३ कि.मी. लम्बाइमा साइड ड्रेनको कार्य गर्ने उल्लेख भएकोमा उक्त सडकमा ती काम नगरी हाङ्से भन्ने स्थानबाट १ कि.मी. नयाँ ट्रयाक ओपनको कार्य भएको पाइयो । यसरी स्वीकृत कार्यक्रम तथा लागत अनुमान भन्दा फरक योजनामा कार्य गराएकोमा कार्यक्रम तथा लागत अनुमान संशोधन समेत नगराएकोले उक्त कार्य नियमसम्मत नदेखिएको रु.</td><td>८००,०००/-</td></tr>
<tr><td>५३.</td><td>फिक्कल महोत्सव, २०७५<br>उक्त कार्यक्रम सञ्चालन गर्न कार्यालयले यस वर्ष निम्नलिखित भौचरबाट रु. ९२/- खर्च लेखेकोमा निम्न व्यहोरा देखियो :–
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>७०-०७५/९/२०</td><td>फिक्कल महोत्सव समिति, (पेश्की)</td><td>१०,००,०००/-</td></tr>
<tr><td>१०७-०७५/११/१७</td><td>गाडी भाडा</td><td>२३०,०००/-</td></tr>
<tr><td>१२६-०७५/११/२८</td><td>खाना, खाजा, गाडी भाडा, औषधी, इन्धन अतिथि सत्कार लगायत</td><td>८५४,०००/-</td></tr>
<tr><td>१२८-०७५/११/२८</td><td>पोष्टर, पम्पलेट छपाइ</td><td>१४३,०००/-</td></tr>
<tr><td>१६३-०७५/१२/०८</td><td>महोत्सव खेलकुद</td><td>१४६,३३१/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>०/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३.१.</td><td>महोत्सव पेश्की सम्बन्धमा – फिक्कल गाउँपालिका केन्द्र रहेको स्थान खाङ्गसाङ्ग बेंसीमा २०७५ फाल्गुणमा ७ दिने फिक्कल महोत्सव आयोजना गर्नको लागि उपाध्यक्षज्यूको निवेदनबाट महोत्सव आयोजक समितिको नाममा रु. १० लाख पेश्की प्रदान गरेकोमा उक्त पेश्की बाहेक रु. १३,७३,३३१।- खर्च भएको देखिन्छ । तर महोत्सव आयोजनाको लागि लिइएको उक्त पेश्की फछ्र्यौट नगरी पुन: गाउँपालिकाको बैंक खाताबाट रकम निकाली खर्च गरेको पाइयो । यसरी कार्यक्रमको लागि लिइएको पेश्की सम्बन्धित काममा प्रयोग नगर्ने र समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.२.</td><td>विनियोजनभन्दा बढी खर्च – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार निर्धारित बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । फिक्कल गाउँसभाले उक्त महोत्सव सञ्चालन गर्न शुरुमा रु. १० लाख विनियोजन गरेको र पछि अन्य २ कार्यक्रमबाट रु. ३ लाख थप गरी जम्मा रु. १३ लाख बजेट कायम गरेको देखिन्छ । तर कार्यालयले उपर्यक्तानुसार रु. २३,७३,३३१।- खर्च गरेको पाइयो । यसरी स्वीकृत बजेटभन्दा बढी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>१०,७३,३३१/-</td></tr>
<tr><td>५४.</td><td>३३४-०७६/३/२०<br>नापी किताबमा उल्लेख नभएको कार्यको भुक्तानी – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । देवीटार जाङजाङ सडक निर्माण उपभोक्ता समितिलाई रु. १५,००,०००। भुक्तानी गरेको बिल, भर्पाई, नापी किताब परीक्षण गर्दा साड ड्रेनको कार्य भएको देखिँदैन तर कार्यालयले उक्त कार्य ३६७.५० घ.मी. भएको भनी रु. २२७,३४३।- खर्च लेखेको</td><td></td></tr>
</table>

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| | पाइयो । यसरी नापी नभएको कार्यलाई बिल तथा कार्य सम्पन्न प्रतिवदेनमा चढाई भुक्तानी गरेको देखिएकोले यसको आधार तथा पुष्ट्याइँ पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने रु. | २,२७,३४३/- |
| ५५. | **मू. अ. कर दर्तावालाले बिजक जारी नगरेको –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यसरी बिजक जारी नगरेको अवस्थामा दफा २९ अनुसार हरेक पटक रु. ५ हजार जरिवाना हुने व्यवस्था छ ।<br>कार्यालयले विभिन्न सडक निर्माण योजना निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरे तापनि सडक खन्ने कार्यको लागि उपभोक्ता समितिले अन्य फर्म/निर्माण कम्पनीहरुको हेभी इक्विपमेण्ट/मेशिन प्रयोग गर्ने गरेकोमा मू.अ.कर दर्ता भएका त्यस्ता व्यक्ति, फर्मले मू.अ. कर बिजक जारी नगरी रकम बुझिलिएको भर्पाई मात्र पेश गरेको पाइयो । यसरी निर्धारित ढाँचाको बिल, बिजक जारी नहुँदा त्यस्ता फर्मको बिक्री खातामा कारोबार रकम प्रविष्टि नहुने र मू.अ.करको साथै आयकर समेत छलिने सम्भावना रहने हुँदा निर्धारित ढाँचाको बिल, बिजक जारी भएको अवस्थामा मात्र भुक्तानी गर्ने व्यवस्था हुने गरी आन्तरिक नियन्त्रण सुदृढ पार्नु पर्ने देखिन्छ साथै देहाय अनुसारका फर्मबाट निम्नानुसारको कारोबारमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने हुनुपर्ने रु. | ०/- |

| गो.भौ.न./मिति | योजनाको नाम | फर्मको नाम | स्थायी लेखा नम्बर | भुक्तानी रकम | समावेश भएको मू. अ. कर रकम |
| --- | --- | --- | --- | --- | --- |
| १८०-०७६/१/०६ | नारिमखोला बाह्रबिसे ठुल्ढुंगा सडक निर्माण | एल.एल.बी. कन्स्ट्रक्शन | ६०६८८२५९२ | १००७००० | ११५८५० |
| १७४-०७६/१/०५ | देउकी डाँडा सल्ले चारघरे | शुभकामना कन्स्ट्रक्शन | ३०२३५८०१६ | ५४८१०० | ६३०५६ |
| १४४-०७५/१२/४ | देउकीडाँडा हात्तीटार भेडीखोर | शुभकामना कन्स्ट्रक्शन | ६०६८८२५९२ | ३००००० | ३४५१३ |
| ३३४-०७६/३/२० | देवीटार जाङजाङ सिलुङ्गे सडक | एल.एल.बी. कन्स्ट्रक्शन | ६०६८८२५९२ | ९१५००० | १०५२६५ |
| ४००-०७६/३/३० | सिलुङ्गे भिरगाउँ कोलबोट | फिक्कल निर्माण सेवा | ६०५९१७२९७ | ८२६७०० | ९५१०७ |
| | | | | **जम्मा** | ४१३७९१/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| ५६. | **उपभोक्ता समितिको योगदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालित देहायका योजनाको बिल भुक्तानी गर्दा लागत अनुमानमा तोकिएको भन्दा घटी योगदान गरेका उपभोक्ताको बिलमा समेत कार्यालयबाट पूरै रकम भुक्तानी भएको देखिन्छ । सम्झौता बमोजिम उपभोक्ताले गर्नुपर्ने काम नगरेको अवस्थामा कार्यालयबाट भुक्तानी गर्नुपर्ने रकम समेत सोही अनुपातमा कट्टा गरी भुक्तानी गर्नुपर्नेमा उपभोक्ताको योगदान नपुगेका योजनामा समेत पूरै रकम भुक्तानी गरेको हुँदा उपभोक्ताको नपुग योगदान बराबरको कट्टा गर्नुपर्ने रकम रु. ८,०३,७३८/- नियमसम्मत नदेखिएको रु. | ८,०३,७३८/- |

| योजनाको नाम | सम्झौता | | | काम भएको | | | बढी भुक्तानी भएको रु. |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | जम्मा | कार्यालयको योगदान | उपभोक्ताको अंश | जम्मा | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | |
| सोल्पाथाना स्वास्थ्य चौकी भवन निर्माण | ४८८३८२६ | ४३९९९६० | ४८३८६६ | ३८४४८४६ | ३४६३९१७ | ३८४४८४६ | ३८०९२९ |
| महादेवडाँडा स्वास्थ्य चौकी भवन निर्माण | ४९४१२०३ | ४४६२००० | ४७९२०९ | ४३५९६६५ | ३९३६८५५ | ४३५९६६५ | ४२२८०९ |
| **जम्मा** | **९८२५०२९** | **८८६१९६०** | **९६३०७५** | **८२०४५११** | **७४००७७२** | **८२०४५११** | **८०३७३८** |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| ५७. | **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम कारोबारको लेखा राख्दा खर्चको बिल भरपाई सहित राख्नु पर्ने व्यवस्था छ । भौ.नं. ९ मिति २०७६/३/२ बाट प्रति स्वास्थ्य संस्था रु. १,००,०००/- का दरले रु.५,००,०००/- र भौ.नं. ११ मिति २०७६/३/४ बाट १ | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | वटा स्वास्थ्य चौकिलाई रु.१,००,०००/- गरी जम्मा ६ वटा स्वास्थ्य चौकीलाई रु.६,००,०००/- स्वास्थ्य संस्था सुदृढिकरण कार्यक्रम वापत अनुदान दिएकोमा ४ वटा स्वास्थ्य संस्थाको प्रदेश सरकारको स्वास्थ्य संस्था अनुदान संचालन मार्गदर्शन बमोजिम अनुदान वापतको रकमबाट सम्पन्न गरिएका कार्यक्रमहरुको बिल भरपाई र अनुगमन प्रतिवेदन पेश भएको देखिएन । अनुदान रकमबाट संचालन भएका कार्यक्रमहरुको बिल भरपाई र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | ४,००,०००/- |
| | **संघीय सशर्त अनुदान चालुतर्फ** | |
| ५८. | **बढी तलव भत्ता निकासा :** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । महाकाली प्रा.वि. तल्लो चनौटेलाई छुट तलव निकासा दिँदा विद्यालय सहयोगी नै नभएकोमा उक्त विद्यालयलाई विद्यालय सहयोगीको तलव रु. १३,५००/- समेत निकासा भएको छ। दरबन्दी नै नभएको विद्यालयमा निकासा भएको विद्यालय सहयोगीको तलव असुल हुनुपर्ने रु. | १३,५००/- |
| ५९. | भौ.नं. ७ मिति २०७५/१०/१० बाट विद्यालयहरुको दोश्रो चौमासिक निकासा दिँदा ककनिदेवी प्रा.वि. झगरेलाई प्र.अ. भत्ता प्रति महिना रु.२,००/- का दरले ४ महिनाको रु.८००/- भुक्तानी हुनुपर्नेमा रु. ३२,००/- भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको प्र.अ. भत्ता असुल गरी दाखिला हुनुपर्ने रु. | २,४००/- |
| ६०. | त्यसैगरी नि.मा.वि. देउकीडाँडालाई छुट तलव दोहोरो निकासा हुन गएकोले बढी निकासा भएको रकम रु.१२,०००/- असुल हुनुपर्ने रु. | १२,०००/- |
| ६१. | **अनुगमन :** शिक्षा तथा मानव श्रोत केन्द्रवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन , शिक्षक सिकाईमा आइ. सी. टी. को प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाको लागि छनौट भएका विद्यालयका लागी प्रति विद्यालय रु. ६,५०,०००/- र शौचालय निर्माण वापत प्रति विद्यालय रु.७,००,०००/- का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमवाट तोकिए वमोजिमका स्पेशिफीकेशन अनुसारका किताब तथा ल्याब सामाग्री, विज्ञान प्रयोगशाला सामाग्री खरिद गरे नगरेको तथा तोकिएको मापदण्ड बमोजिमको शौचालय निर्माण गरे नगरेको अनुगमन गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष देहायका ७ वटा विद्यालयहरुलाई पुस्तकालय, विज्ञान प्रयोगशाला र शौचालय निर्माण वापतको अनुदान उपलब्ध गराएकोमा हालसम्म ती विद्यालयहरुले तोकिए बमोजिमका कार्यहरु गरे नगरेको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन भएको देखिएन । गाउँपालिकाले अनुगमन गरी प्रतिवेदन प्राप्त हुनु पर्ने देखिन्छ । | |

| क्र.सं. | विद्यालयको नाम | अनुदान | रकम रु. |
|---|---|---|---|
| १. | रत्नगंगा मा.वि. सोखु | पुस्तकालय | ६५०००० |
| २. | जनजागृति मा.वि. ढोडनी | पुस्तकालय | ६५०००० |
| ३. | फिक्कल मा.वि. सोल्पा | पुस्तकालय | ६५०००० |
| ४. | सुनकोशी मा.वि.सोखुवेशी | विज्ञान प्रयोगशाला | ६५०००० |
| ५. | मा.वि. चण्डि भन्ज्याङ्ग | विज्ञान प्रयोगशाला | ६५०००० |
| ६. | ज्ञानोदय प्रा.वि. माझटोल | शौचालय | ७००००० |
| ७. | बालकल्याण प्रा.वि. पोखरीडाँडा | शौचालय | ७००००० |
| | **जम्मा** | | **४६५००००** |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ६२. | **विद्यालय अनुदानमा कन्टिन्जेन्सी :** विद्यालयलाई भौतिक निर्माणमा अनुदान उपलबध गराउने गरि विनियोजन भएको रकमवाट गाउँपालिकाले कन्टिजेन्सी कट्टा गर्न मिल्ने देखिदैन । कार्यालयले देहायका विद्यालयहरुलाई शौचालय निर्माण अनुदान वापत प्रति विद्यालय रु.७,००,०००/- अनुदान दिँदा उक्त रकममा ४ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी निकासा दिएको छ। निकासा दिँदा कट्टि गरी पालिका कोषमा राखेको उक्त रकम गाउँपालिकाको बजेटवाट खर्च लेखी विद्यालयलाई नै उपलब्ध गराउनु पर्ने देखिएको रु. | |

| विद्यालयको नाम | अनुदान रकम रु. | कन्टिन्जेन्सी कट्टी रु. |
|---|---|---|
| ज्ञानोदय प्रा.वि. माझटोल | ७०००००/- | २८०००/- |
| बालकल्याण प्रा.वि. पोखरीडाँडा | ७०००००/- | २८०००/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | जम्मा ०/- ०/- | |
| | **जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा** | |
| ६३. | यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु. २,२८,४६,८००/- खर्च गरेकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् : | |
| ६३.१. | **नगद वितरण :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ। कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुको बैंक खातामा पेश्की पठाई वडा सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ। हातहातै नगद वितरण गरी औंठा छाप लगाएको भरपाईको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको छ। कार्यविधिले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण गर्ने गरेको देखिएकाले यथाशिघ्र यस्तो कार्य बन्द गरी लाभग्राहीको बैंक खाता मार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नु पर्दछ। | |
| ६३.२. | **विवरण अद्यावधिक नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १९ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ। यस कार्यालयबाट सामाजिक सुरक्षा वितरण गरिने लाभग्राहीको केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा देखिएको र रकम वितरण भरपाईमा देखिएको विवरण मेल खाएको देखिँदैन। विगत देखी भत्ता रकम वितरण हुँदै आएका तर लगतमा नाम नभएका कतिपय लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ। केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा भएको लगतबाट नै रकम वितरण भरपाई तयार पारी सोही बमोजिम मात्र रकम वितरण गर्नु पर्दछ। लगतमा नभएको व्यक्तिको नाम भरपाईमा हुने, भरपाईमा हातले नाम थप्ने जस्ता काम गरेको देखिएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण विश्वसनीय तथा अद्यावधिक रहेको भनी यकिन गर्न सकिने अवस्था छैन। अनुगमन तथा मूल्याङ्कन समितिले विवरण अद्यावधिक गर्न लगाई सोही विवरण बमोजिम मात्र रकम वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ। | |
| ६३.३. | **अनुगमन तथा निरीक्षण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गरेको छ। जस अनुसार सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न, स्थानीय स्तरको अनुगमन तथा मूल्याङ्कन समिति बनाई उक्त समितिले यस कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्ने, लाभग्राहीको अभिलेख निरीक्षण गर्ने, लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने, सेवा प्रभावकारी भए नभएको जानकारी हासिल गर्ने, वडा कार्यालयबाट भएका सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन गरी प्राप्त सुझाव कार्यान्वयनको समिक्षा गर्ने, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सिफारिश गर्ने, सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने लगायतका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ। कार्यालयबाट सामाजिक सुरक्षा वापतको रकम वडा सचिवहरुमार्फत नगदै वितरण गर्ने गरेका कारण वडा सचिवहरुलाई समेत जोखिम भएको भन्ने बारम्बारको गुनासोलाई सम्बोधन नगरेको, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण हुने नगरेको साथै लाभग्राहीहरुसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गरी सुधारका लागि सुझाव दिने गरेको समेत देखिएन। कानुनले निर्धारण गरेको काम, कर्तव्य अधिकारको सही प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ। | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ६४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार स्थानीय स्तरमा उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ। साथै सोही निर्देशिकाको दफा ५ मा न्यूनतम रोजगारीको प्रत्याभुति, आन्तरिक रोजगारी प्रवर्द्धन, अन्तर निकाय समन्वयमा थप रोजगारीको अवस्था सिर्जना तथा नयाँ रोजगारीका क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वेरोजगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम् सदुपयोग हुनेगरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना गर्ने कार्यक्रमको छनौट तथा खर्च गर्नुपर्नेमा गाउँपालिकाबाट प्राप्त | |

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>विवरण अनुसार सडक निर्माण तथा मर्मत, सिंचाई कुलो निर्माण तथा मर्मत तथा बगैंचा निर्माण लगायतका कार्यमा रु. २० लाख ५९ हजार खर्च गरेकोमा स्थानीय सीपको प्रयोग तथा दिर्घकालिन रोजगारी सिर्जना हुने गरी वेरोजगारको क्षमता विकास तथा सिप सिकाई सम्बन्धी कार्य भएको पाईएन् । लक्षित वर्गको कार्यक्रमले निर्धारण गरेको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने गरी कार्यक्रमको कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>६५.</td><td>भ्रमण आदेश बेगर भ्रमण खर्च : भ्रमण खर्च नियमावली? २०६४ को नियम ३(१) मा स्वीकृत भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण वा काजमा जान नपाइने व्यवस्था छ । भौ.नं. ११ मिति २०७६/३/३१ बाट रोजगार संयोजक श्री शान्ति याक्सोलाई २०७६/३/२० देखी २०७६/३/२४ र २०७६/३/२५ देखी २०७६/३/३० सम्म जम्मा रु.१५,२००/- भुक्तानी गर्दा निजको स्वीकृत भ्रमण आदेश संलग्न रहेको छैन । सो मितिको स्वीकृत भ्रमण आदेश पेश हुनुपर्ने अन्यथा उक्त रकम निजबाट असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>६६.</td><td>सम्झौतामा नभएको सुविधा : सेवा करारबाट नियुक्त कर्मचारीलाई करारको शर्त बमोजिम पारिश्रमिक तथा सुविधा भुक्तानी हुनु पर्दछ । गाउँ पालिकामा कृषि तथा पशु शाखामा कार्यरत देहायका कर्मचारीहरुको करारको शर्तमा उल्लेख नगरी चाडपर्व खर्च र पोशाक भत्ता समेतमा जम्मा रु. २,२५,१९०। भुक्तानी गरेको छ । करार सम्झौतामा उल्लेख गरेर मात्र यस्ता सुविधाहरु भुक्तानी हुनु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>चाडपर्व खर्च रु.</th><th>पोशाक भत्ता रु.</th><th>जम्मा रु.</th></tr>
<tr><td>१.</td><td>ना.प्रा.स. श्री रामभक्त थापामगर</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>२.</td><td>ना.प्रा.स. श्री महिन सुनुवार</td><td>२२१७०</td><td>०</td><td>२२१७०</td></tr>
<tr><td>३.</td><td>ना.प्रा.स. श्री विजया घिमिरे</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>४.</td><td>ना.प्रा.स.श्री तिर्थ बहादुर लो</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>५.</td><td>ना.प्रा.स.श्री राजकुमार कार्की</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>६.</td><td>ना.प्रा.स.श्री देवेन्द्र पहाडी</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>७.</td><td>ना.प्रा.स.श्री तुलसी लामिछाने</td><td>२२१७०</td><td>१००००</td><td>३२१७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५५१९०</td><td>६००००</td><td>२१५१९०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>आन्तरिक श्रोत चालु खर्च तर्फ</td><td></td></tr>
<tr><td>६७.</td><td>पदाधिकारी पारिश्रमिक : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ अनुसार कार्यालयले गाउँपालिका अध्यक्ष्यलाई मासिक रु.३०,०००/- उपाध्यक्षलाई मासिक रु. २५०००/-, कार्यपालिकाका सदस्यहरुलाई मासिक रु.६,०००/- र वडा सदस्यहरुलाई मासिक रु. ५,०००/- दरले यस वर्ष सुविधा वापत रु. ३५,६७,७६८/- उपलब्ध गराएको पाइयो । वडा नम्बर ३ का वडाध्यक्ष श्री टेक बहादुर रजान मगरले मासिक नेपाल सरकारबाट प्राप्त हुने पेन्सन वापतको रकम कट्टा गरी प्रति महिना रु ६,३१४/- मात्र भुक्तानी लिनुभएको पाइयो ।
<table>
<tr><th>क.स.</th><th>पद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गाउँ पालिका अध्यक्ष</td><td>३,६०,०००/-</td></tr>
<tr><td>२</td><td>गाउँ पालिका उपाध्यक्ष</td><td>३,००,०००/-</td></tr>
<tr><td>३</td><td>वडा अध्यक्ष (वडा नं १ देखी ६ सम्म )</td><td>१२,७५,७६८/-</td></tr>
<tr><td>५</td><td>कार्यपालीका सदस्य</td><td>४,३२,०००/-</td></tr>
<tr><td>४</td><td>वडा सदस्य (वडा नं १ देखी ६ सम्म )</td><td>१२,००,०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५,६७,७६८/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८.</td><td>सभा संचालन खर्च : गाउँकार्यपालिकाले मिति २०७५/०६/०२ गतेको निर्णयबाट विभिन्न बडाबाट बैठकमा सहभागी हुन आउने सहभागीहरुलाई भौगोलिक निकटताका आधारमा रु ६००/- देखी रु १५००/- सम्म साथै सहभागीहरुलाई बास खर्च वापत प्रति दिन रु ४००/- र खाना खर्च वापत प्रति दिन रु ६००/- का दरले भुक्तानी गरेको छ । गाउँ सभा र कार्यपालिका बैठकमा सहभागी हुने सदस्यहरुलाई (अध्यक्ष र उपाध्यक्ष बाहेक) देहायका भौचर बाट सभा संचालन खर्च भनी भुक्तानी गरेको रु.७,५४,०४५/- नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ नं. र मिति</th><th>प्रयोजन</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td>७,५४,०४५/-</td></tr>
</table>

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| २५२-२०७६/०३/२५ | सभा संचालन बास, यातायात, र खाना खर्च | २५०९०० |
| २०७६/०३/०७ | गाउँ सभा बैठक संचालन | २५९५०० |
| १३७-२०७५/१२/०८ | २०७५ चैत्र ७ को गाउँ सभा बैठक संचालन | ६०३०० |
| २५३-२०७६/०३/२५ | सभा संचालन वापत | १८३३४५ |
| जम्मा | | ७५४०४५/- |

**६९.** **चाड पर्व खर्च :** बाग्मती प्रदेश सभाले बनाएको “स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन”, २०७५ ले गाउँ कार्यपालीका सदस्यहरुलाई संचार सुविधा उपलब्ध गराउने सम्बन्धी कुनै पनि व्यवस्था गरेको पाईदैन । गाउँ कार्यपालिकाको मिति २०७५/०६/२५ को निर्णयबाट प्रत्येक पदाधिकारीलाई एक महिनाको सुविधा बराबरको रकम दशैं खर्चको रुपमा भुक्तानी गरेको छ । सोही निर्णय अनुसार प्रत्येक पदाधिकारीको एक महिनाको सुविधाले हुन आउने जम्मा रु ३,११,०००/- भुक्तानी गरिएको छ । यसरी प्रदेश कानून भन्दा फरक हुने गरी दिइएको सुविधा कानून सम्मत नदेखिएकाले रु.

**३,११,०००/-**

**७०.** **पदाधिकारी पोशाक :** वाग्मती प्रदेश सभाले बनाएको “स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन”, २०७५ ले गाउँ कार्यपालिका सदस्यहरुलाई पोशाक सुविधा सम्बन्धी पनि व्यवस्था गरेको पाईदैन । चौथो गाउँसभा मिति २०७५/१२/०७ को निर्णयबाट गाउँसभा र कार्यपालिका बैठकमा औपचारिक पोशाकमा आउन र पाशसाकमा एकरुपता ल्याउन प्रत्येक गाउँसभाका सदस्यलाई रु. १०,०००/- का दरले पोशाक भत्ता भुक्तानी गरिने व्यवस्था गरेको छ । गाउँपालिकाले सो वापत रु. ३,४०,०००/- भुक्तानी गरेको छ । यसरी प्रदेश कानून भन्दा फरक हुने गरी दिइएको सुविधा कानून सम्मत नदेखिएको रु.

**३,४०,०००/-**

**७१.** **अग्रिम आयकर कट्टी :** आयकर ऐन, २०५८ अनुसार कुनैपनि भुक्तानीमा १.५ पतिशतका दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले भौ.नं. २३४/२०७६/०३/२० बाट हलुका सवारी चालक श्री लेखबहादुर खड्काको सवारी साधन मर्मत पेश्की रु १,००,०००/- फछ्र्यौट गर्दा रु ८८,५०५/-को भुक्तानीमा अग्रिम कर कट्टी गरेको देखिएन । अग्रिम कर वापत सो विलको १.५ प्रतिशतले हुने रु. १,३२८/- सम्बन्धित बाट असुल गरी राजश्व कार्यालयमा दाखिला भएको भौचर पेश हुनु पर्ने रु.

**७२.** **घटी कर कट्टी :** कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको पारिश्रमिकको गणना गर्दा दफा १० अनुसार छुट गर्न मिल्ने रकम घटाई बाँकी रहेको कर योग्य आयमा सोहि ऐनको अनुसूची १ अनुसार कर लगाउनु पर्ने उल्लेख छ । देहायका कर्मचारीहरुको पारिश्रमिक कर घटी कट्टी भएको ले सम्बन्धित बाट असुलगरि आन्तरिक राजश्व कार्यालयम बुझाएको भौचर पेश हुनुपर्ने रु.

| कर्मचारीको नाम | वार्षिक आम्दानी | कर कट्टी हुनुपर्ने | कर कट्टी भएको | घटी कट्टी भएको |
|---|---|---|---|---|
| ई.श्री राकेश कुमार शाह | ५५०५००/- | २४१००/- | ५५०५/- | १३५९५/- |
| सव.ई.श्री संजीव चौधरी | ४४७५००/- | ८७५०/- | ४४७५/- | ४२७५/- |
| सव.ई.श्री तुलसी श्रेष्ठ | ४४७५००/- | ८७५०/- | ४४७५/- | ४२७५/- |
| **जम्मा** | **०/-** | **०/-** | **०/-** | **३६/-** |

**७३.** **करार सम्झौतामा नभएको सुविधा प्रदान :** कार्यालयले करारमा भर्ना गरेका देहायका कर्मचारीहरुको करार सम्झौतामा करार अवधि ६ महिना पुरा भएपछि एक महिनाको तलब भत्ता बराबरको रकम चाडवर्प खर्च वापत भुक्तानी गरिने उल्लेख गरेको छ । कार्यालयमा करारमा रहेका कर्मचारीहरुलाई ६ महिना अवधि पुरा नहुँदै चाडपर्व खर्च भुक्तानी गरेको छ । करार सम्झौता बमोजिम अवधि पूरा भए पछि मात्र चाडपर्व खर्च भुक्तानी हुनु पर्दछ ।

| कर्मचारीको नाम | नियुक्ती मिति | चाडपर्व खर्च भुक्तानी मिति | रकम |
|---|---|---|---|
| श्री लेख बहादुर खड्का | २०७५/०२/०७ | २०७५ असोज | १८३४० |
| श्री चेत प्रसाद काफ्ले | २०७५/०३/३२ | २०७५ असोज | १८३४० |
| **जम्मा** | | | **३६६८०/-** |

**७४.** **खरिद कानूनको पालना :** सार्वजनिक खरिद नियमावलीको नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैंया सम्म लागत अनुमान भएको मालसामान,

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने छ भन्ने उल्लेख गरिएको छ । कार्यालयको लागि आवश्यक मसलन्द तथा स्टेशनरी सामग्री देहायका मितिमा सोझै खरिद गरेको पाइयो । यस्ता मालसामानको प्याकेज बनाई प्रतिस्पर्धात्मक खरिद विधिबाट खरिद गर्नुपर्दछ । यसरी खरिद गरिएका केही उदाहरण निम्नानुसार छन् :- | |

| गो.भौ.र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २१६/२०७५/०३/११ | कार्यालय मसलन्द | ३,२१,००२/- |
| २१९/२०७५/०३/१२ | आवश्यक कार्यालय मसलन्द | १,९९,९३३/- |
| २०/२०७५/०६/२३ | विभिन्न स्टेशनरी सामान | २,४८,९४५/- |
| ७२/२०७५/०९/१५ | कार्यालय सामाग्री तथा छपाइ | ४,८५,५६७/- |
| १०८/२०७५/११/१७ | कार्यालय सामग्री तथा छपाइ | ३,९२,५२१/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ७५. | **पारिश्रमिक कर :** बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको भुक्तानी रकममा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न श्री हिमाल संचार गृह प्रा.ली. र सुनकोशी एफ.एम. प्रा.ली. सँग सम्झौता गरी भौ.नं. २२२-२०७६/०३/१६ बाट सो कार्यक्रम संचालन सञ्चालक, सहजकर्ता र प्रतिवेदन लेखन वापत रु ५१,०००/- भुक्तानी गरेको छ । सो भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेमा जम्मा १ प्रतिशतका दरले मात्र कट्टी गरिएकोले बाँकी १४ प्रतिशतले हुने कर कट्टी रु ७,१४०/- सम्बन्धित बाट असुल गरी आन्तरिक राजश्व कार्यालय दाखिला गराएको भौचर पेश हुनु पर्ने रु. | ७,१४०/- |
| ७६. | **प्रमाण पेश हुनुपर्ने :** मिति २०७५/०५/०७ देखि १२ गते सम्म स्थानीय दर रेट निर्धारण समितिको बैठकमा बिषय विज्ञको रुपमा नापी कार्यालय सिन्धुलीका नापी अधिकृत श्री छत्र बहादुर लुङ्बेली उपस्थित भएको पाइयो । बिभिन्न बैठकमा उपस्थित भएवापतको बैठक भत्ता रु. ४५००/- निजका नामबाट खर्च लेखिएको र कर कट्टी पछि रु. ३८२५/- निजले बुझेको भरपाई नभएकाले निजको बैङ्क खातामा पठाएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रु. | ३,८२५/- |
| ७७. | **अनुदान कोटामा शिक्षक नियुक्ति :** गाउँसभाले गाउँपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयमा गाउँपालिकाबाट तलब भत्ता भुक्तानी गर्ने गरी अनुदानमा शिक्षक कोटा सिर्जना गरी १३ महिनाको तलब भत्ता उपलब्ध गराएको छ । अनुदान कोटामा नियुक्त मा.वि.शिक्षक लाई प्रति महिना रु.१८,०००/-, नि.मा.वि. शिक्षकलाई मासिक रु. १६,०००/- र प्रा.वि. शिक्षकलाई मासिक रु. १०,०००/- दरले भुक्तानी गरेको छ । गाउँपालिका भित्र कुन कुन विद्यालयमा कति जना शिक्षकको कोटा सिर्जना भएको हो र तिनीहरुलाई कहिले लेखी नियुक्ती गरिएको हो सोको विवरण पेश नभएकोले वास्तविकता यकिन गर्न सकिएन । लेखापरीक्षणको क्रममा सम्पुर्ण विद्यालयको कोटामा नियुक्त शिक्षकहरुको नियुक्ति पत्र लेखापरीक्षणको लागि उपलब्ध नभएकोले कुन शिक्षक कहिले देखि नियुक्त भए भन्ने यकिन हुन सकेन । लेखापरीक्षणका क्रममा उपलब्ध भएका शिक्षकहरुको नियुक्ति पत्रहरु परीक्षण गर्दा ती शिक्षकहरुलाई विद्यालयले श्रावण भन्दा पछि नियुक्ती दिएको र कुनै विद्यालयले श्रावणदेखीनै नियुक्ती गरेको भनी नियुक्ती पत्र दिएको र कुनै विद्यायलयले श्रावण भन्दा पछिकै मितिमा नियुक्ती दिएको भनी भिन्न भिन्न मिति उल्लेख गरी सिफारिश गरेकामा तलब भत्ता श्रावण महिनादेखि नै भुक्तानी भएको पाइयो । उपलब्ध नियुक्ती पत्रका आधारमा नियुक्ती मिति भन्दा अगाडीको तलब भत्ता वापत भुक्तानी भएको रु. ४,६८,३००/- असुल हुनुपर्ने र बाँकी विद्यालयहरुको पनि छानबिन गरी बढी भुक्तानी भएको तलब भत्ता असुल हुनु पर्ने देखिन्छ । नियुक्ती पत्र उपलब्ध भएका ४ शिक्षकहरुलाई दिएको नियुक्ति मिति भन्दा अगाडिको दोस्रो चौमासिक सम्मको तलब भत्ता भुक्तानी सम्बन्धमा आवश्यक पुष्ट्याइँ पेश हुनुपर्ने अन्या असुल हुनु पर्ने देखिएको रु. | ४,६८,३००/- |

| विद्यालयको नाम | शिक्षकको नाम | नियुक्ति मिति | भुक्तानी अवधि | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| श्री महाकाली मा.वि. पोटी, खाङ्बसाङ्ग | श्री गणेश नेपाली | २०७५/११/१२ | ८ महिना | २७२००० | २४९२०० |
| | श्री प्रशान्त बहादुर मगर | २०७५/११/१२ | ८ महिना | | |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| श्री माध्यमिक विद्यालय सालुके | श्री गायत्री कुमारी सत्याल | २०७५/०७/१६ | ९ महिना | १६२००० | ७२००० |
| श्री कालीका प्रा.वि. खोलागाउँ | श्री मिना कुमारी सिदाली | २०७५/०८/०१ | ८ महिना | ८०००० | ४०००० |
| श्री जनजागृती मा.वि. ढोडेनी | श्री रिता राई | २०७५/०९/१० | ४ महिना | ७२००० | २३४०० |
| श्री जनता आधारभुत विद्यालय, भिरगाउँ | श्री कुम्बलाल सुनुवार | २०७५/०८/०८ | ४ महिना | १४४००० | ८३७०० |
| **जम्मा** | | | | ७३००००/- | ४६८३००/- |

७८. बिल भरपाई : कृषि कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण कार्यका लागी रु १ लाख विनियोजन भएको छ। कार्यालयले काभ्रेको पनौतीबाट ३,०००। कि.ग्रा.प्रति कि.ग्रा. ६० का दरले आलु ल्याई भौ.नं ४६ (पुँजिगत) बाट रु १,००,०००/- खर्च लेखेको छ । किसानको ५० प्रतिशत सहभागिता रहेको सो वितरण कार्यक्रममा गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा वितरण गर्दा जम्मा १,३२५ कि.ग्रा. को मात्र भरपाई गरेको पाइयो । वडा नं.५ का किसान श्री शान्ती सुवेदीले २५ कि.ग्रा. र वडा नं. ४ का किसान श्री अम्बिका लुइटेलले ५० कि.ग्रा.आलु लगेकोमा भरपाई गरेको पाइएन । बिना भरपाई काभ्रेबाट ल्याएको आलुको बिउ कृषकलाई वितरण भएको भन्ने यकिन भएन । ल्याइएको आलु कुन कुन वडामा कति कति वितरण भएको हो सो को प्रत्येक वडाबाट प्रमाणित गरेको भरपाई पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. — ४१,८७५/-

७९. **अन्य निकायको खर्च –** स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुरुप तोकिएको कार्यमा खर्च गर्नुपर्दछ । कार्यालयले निम्नलिखित मिति र भौचरबाट विभिन्न निकायको लागि विभिन्न कार्यमा रु. १०७/- खर्च लेखेको पाइयो । उक्त निकायलाई सम्बन्धित तालुक निकायबाट समेत बजेट विनियोजन भई आउने हुँदा यसरी गरिएको खर्च दोहोरो पर्न सक्ने हुँदा यसरी अन्य निकायको खर्च व्यहोर्ने प्रवृत्ति उपयुक्त देखिँदैन ।

| गो.भौ.नं. र मिति | निकाय | व्यहोरा | रकम |
|---|---|---|---|
| ७६-२०७५/०९/१५ | प्रहरी चौकी खाङ्गसाङ्ग | गाडी मर्मत | १०१००/- |
| २३-२०७५/१०/२१(आन्तरिक) | नेपाल शिक्षक महासंघ | कार्यालय व्यवस्थापन | ३००००/- |
| ३०-२०७५/१२/०८(आन्तरिक) | प्रहरी चौकी खाङ्गसाङ्ग | मोटर साइकल मर्मत | १३०००/- |
| १८-२०७५/०९/१६(आन्तरिक) | प्रहरी चौकी तोश्रामखोला | कुर्सि टेबुल खरिद | ५०००/- |
| ६-२०७५/०६/२३(आन्तरिक) | प्रहरी चौकी खाङ्गसाङ्ग | दशैं तिहार दुर्गा पुजा | १५०००/- |
| ६-२०७५/०६/२३(आन्तरिक) | प्रहरी चौकी स्वल्प भञ्ज्याङ् | दशैं तिहार दुर्गा पुजा | १००००/- |
| ८-२०७५/०७/१८(आन्तरिक) | वाक्सुखोला म्युजिक कम्पनी | साँस्कृतिक कार्यक्रम | २५०००/- |
| **जम्मा** | | | ०/- |

**गाउँपालिका पुँजीगत तर्फ**

८०. भौ.नं. ४६ मिति २०७६/८/२० बाट प्रधानमन्त्री कृषि आधुनिकीकरण आलु पकेट क्षेत्र प्रा.स.ब्रम्हदेव ठाकुरलाई रु.१,७७,३००/- सोधभर्ना भुक्तानी समेत रु.३,७८,५००/- खर्च लेखेको फाँटवारीमा किसान आलु सप्लायर्स पाँचखालबाट ३००० के.जी. आलु को प्रति के.जि. रु.६० को दरले रु.१८०,०००/- र अलैंची तथा खाद्यान्न र फलफूल नर्सरीलाई ३००० के.जी. आलुको रु.६० को दरले रु.१,८०,०००/- समेत रु.३,६०,०००/- भुक्तानी भएको छ । सो आलुको बिउ किन्ने खरिद आदेश र आलु ल्याए पछिको दाखिला रिपोर्ट संलग्न छैन । सो आलुको बिउ कसलाई वितरण गरेको हो भरपाई समेत संलग्न नरहेकोले सो खर्च पुष्ट्याई गर्ने प्रमाण पेश हुनु पर्ने रु. — ३,७८,५००/-

८१. **जिन्सी दालिखा नरहेको :** निम्न बमोजिमको विद्यालयहरुलाई कम्प्युटर लगायतको सामग्री खरिद गर्न रु.६,५०,०००/- अनुदान दिएकोमा विद्यालयले सामान खरिद गरी जिन्सी आम्दानी गरेको प्रमाण पेश गरेको छैन । अनुदान रकमबाट सामग्री खरिद गरी जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. — ६,५०,०००/-

| **क्र.सं.** | **विद्यालयको नाम** | **भुक्तानी रु.** |
|---|---|---|
| १. | श्री मा.वि. सालुके | २,००,०००/- |
| २. | श्री मा.वि.महादेवडाँडा | १,५०,०००/- |
| ३. | श्री मा.वि. लुम्ती | १,५०,०००/- |
| ४. | श्री चण्डीका मा.वि. चनौटे | १,५०,०००/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | जम्मा \| ०/- | |
| ८२. | **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार करार सम्झौता बमोजिमको खरिद वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ३६३ मिति २०७६/३/२५ बाट ज.स्वा.नि. श्री हरेन्द्र सिंह भूमिहारको रु. ३,००,०००/- पेश्की फछ्र्यौट गर्दा नेपाल प्राकृतिक तथा मानव श्रोत विकासकेन्द्र लाई पाठेघर खस्ने, स्तन क्यान्सर पूर्व पहिचान शिविर व्यवस्थापन वापत रु.२,३५,०००/- र औषधी खरिद वापत ग्यालेक्सी मेडिसिन सप्लायर्सलाई रु.५००५८/- समेत रु. २८५०५८/- भुक्तानी गर्दा स्रोतमा कट्टी गर्नुपर्ने अग्रिम आयकर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने १.५ प्रतिशत अग्रिम आयकर वापतको रकम रु.४२७६/- असुल गरी दाखिला हुनुपर्ने रु. | ४,२७६/- |
| | **सडक बोर्डतर्फ** | |
| ८३. | **सौभाग्य चोक देखि गाउँपालिकासम्मको सडक निर्माण** उपभोक्ता समितिलाई रु. ८३३,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :– | |
| ८३.१. | **स्वीकृत डिजाइन/लागत अनुमान अनुसार नभएको –** स्वीकृत डिजाइन/लागत अनुमान अनुसार ७ मीटर लम्बाई र ३० मीटर लम्बाइमा सडक ढलान गर्ने उल्लेख भएकोमा २२ मीटरमा मात्र भएको पाइयो । त्यसै गरी म्यासनरी ड्रेन एक तर्फ मात्रै बनाउने उल्लेख भएकोमा दुवै तर्फ बनाएको पाइयो । | |
| ८३.२. | **थप मोटाइबाट थप व्ययभार –** स्वीकृत डिजाइन/लागत अनुमानमा ड्रेनको पि.सी.सी.को मोटाइ ५ से.मी. (२ इन्च) रहेकोमा नापी किताबमा १० से.मी. राखी उक्त कार्यको परिमाण गणना गरेको पाइयो । जसको कारणबाट निम्नानुसार रु. ४७,८५९।- थप व्ययभार परेको रु. | ४७,८५९/- |

| संख्या | लम्बाइ (मी.) | चौडाइ (मी.) | थप मोटाइ (मी.) | थप परिमाण (घ.मी.) | दर रु. | थप रकम |
|---|---|---|---|---|---|---|
| २ | ३६ | १.१० | ०.०५ | ३.९६ | १२०८५/६० | ४७,८५९/- |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **गरिबसँग विश्वेश्वर कार्यक्रमतर्फ** | |
| ८४. | **सुनकोशी नवलपुर सिंचाइ योजना** उपभोक्ता समितिलाई रु. ५०,००,०००।- भुक्तानी गरेको भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :– | |
| ८५. | **योजना सञ्चालनमा नआएको –** उक्त सिंचाइ योजना लिफ्ट प्रणाली अन्तर्गत निर्माण भएकोमा विद्युत लाइनको अभावका कारण सञ्चालनमा आउन नसकेको पाइयो । यसरी विद्युत ऊर्जामा आधारित योजनाहरुमा लगानी गर्नुपूर्व योजनाहरुको लागि आवश्यक पर्ने विद्युत ऊर्जा पर्याप्त भए नभएको यकिन गरेर मात्र योजना छनौट गरी लगानी गर्नुपर्दछ । | |
| ८६. | **बढी भुक्तानी –** सार्वजनिक खरिद ऐन, नियमका स्वीकृत नर्म्स तथा दररेटको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त योजनाका उपभोक्ता समितिलाई निम्नलिखित आइटमको भुक्तानी गर्दा कार्यपालिकाद्वारा स्वीकृत दररेटभन्दा बढीका दरले भुक्तानी गरी देहाय अनुसार रु. १२३/- बढी भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | ०/- |

| विवरण | एकाई | परिमाण | स्वीकृत दर | भुक्तानी भएको दर | फरक दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| 3" GI Pipe (heavy) | Rm | १००२ | १११३/- | १३७३/- | २६०/- | २६०५२० |
| 2" GI Socket | Nos | १७०१० | ६४४/- | ८१७/- | १७३/- | २९४१० |
| 2" GI Flange Socket | Nos | १० | २२१८/७० | ३८५०/- | १६३१/३० | ११९१० |
| 2" GI Elbow | Nos | १० | ९६८/- | २१५९/- | ११९१/- | १६३१३ |
| HDPE Pipe (40/6) | Rm | ३५०० | ९१/७० | १०१/७० | १०/- | ३५००० |
| | | | | | **जम्मा** | **३५३१५३/-** |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ८७. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । देहायका व्यक्ति/संस्था/समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने रु. (असार मसान्तमा बाँकी देखिएको सामाजिक सुरक्षा वापतको रु.४९,७६,०००/- पेश्की मिति २०७६/६/८ मा फछ्र्यौट भई लेखापरीक्षणका क्रममा श्रेस्ता पेश भएकोले पेश्की बेरुजु कायम नगरिएको) | २९,४०,०००/- |

| बजेट शिर्षक | पेश्की मिति | पेश्की लिनेको नाम थर | प्रयोजन | पेश्की रु. |
|---|---|---|---|---|
| १. प्रदेश सशर्त पुंजीगत तर्फ | २०७६/३/२४ | स्वास्थ्य चौकी, सोल्पाथाना | एम्बुलेन्स खरिद | १६००००० |

| दफा नं. | व्यहोरा | | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | १६००००० | |
| | २. संघिय सशर्त अनुदान | २०७५/१२/२६ | श्री चण्डिका मा.वि. चनौटे | राष्ट्रपति रनिङ्ग शिल्ड | १००००० | |
| | जम्मा | | | | १००००० | |
| | ३. वित्तीय समानीकरण | २०७५/१२/२६ | श्री चण्डिका मा.वि.चनौटे | | २४०००० | |
| | | २०७५/९/२० | फिक्कल महोत्सव २०७५ मूल आयोजक समिति | फिक्कल महोत्सव | १०००००० | |
| | जम्मा | | | | १२४०००० | |
| | कुल जम्मा | | | | २९,४०,०००/- | |
| ८८. | **सम्परीक्षण एवं बेरुजु लगत :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षसम्मको बेरुजु रु.१,७१,२६,४१७/९३ बाँकी रहेको देखिन्छ। लेखापरीक्षणको क्रममा रु. ९१,८९,९७०/२८ संपरीक्षणका लागि अनुरोध भएकोमा उक्त बेरुजु संपरीक्षण गरिएको छ। बाँकी बेरुजु संपरीक्षण गरी बेरुजु शुन्य बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। | | | | | |

**अनुसूची- १**

## फिक्कल गाउँपालिका सिन्धुलीको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश: बागमती** **(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | फिक्कल गा.पा. | सिन्धुली | १९०९६ | ७६५०५ | १६४७७१ | १२१०२१ | ३६२२९७ | ५५११७ | १४१८६८ | १५४८८९ | ३५१८७४ | २९५१९ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.न | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुली | फिक्कल गा.पा. | ५३ | ४९ | १६३६७ | ० | ० | ० | ५३ | ४९ | १६३६७ | २६१७ | ४६७६ | ६१३४ | ० | ० | ४६३६५ | ० | २९४० | २९४० |

**अनुसूची- ३**

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | फिक्कल गा.पा. | सिन्धुली | १७१२६ | ० | १७१२६ | ० | १६३६७ | !I३ क्ष्ङ्क ल्य्ट्ट क्ष्ल त्ब्द्रभि |